मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

Purwanchal National Daily

◆ वर्ष : २४ ◆ अङ्क : ३०७ ◆ पृष्ठ ६ ◆ बिर्तामोड ◆ वि.सं. २०७६ असोज ६ गते सोमबार (Monday, September 23. 2019) नेपाल सम्वत् ११३९ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/– भारतमा भारु. : ४/–

सूचना

'लैङ्गिक हिंसा र दुर्व्यवहारः छैन हामीलाई स्वीकार'
"Orange the World : #Hear Me to "

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

## रक्सी पिलाएर किशोरीमाथि सामुहिक बलात्कार



**इटहरी, असोज ५।** मोरङको सुन्दरहरैंचामा एक १७ वर्षीया किशोरीलाई मदिरा पिलाएर सामुहिक बलात्कार भएको खुलेको छ ।

सोही आरोपमा मोरङ प्रहरीले चार जना युवालाई पक्राउ गरेको छ । मोरङ सुन्दरहरैंचा नगरपालिका-१की किशोरीलाई शनिबार राति सामुहिक बलात्कार गरेको आरोपमा प्रहरीले चार जना युवालाई आइतबार बिहान पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा ग्रामथान गाउँपालिका-५का २० वर्षीय सुरेश थानदार, २५ वर्षीय कमल पुरी, बेलबारी नगरपालिका-५ का २२ वर्षीय सन्तोषकुमार माझी र २२ वर्षीय प्रकाशकुमार थारू रहेको मोरङका प्रहरी उपरीक्षक विश्व पोखरेलले जानकारी दिए ।

पोखरेलका अनुसार शनिबार राति पक्राउ परेकामध्ये एक जनाले ती किशोरीलाई बोलाएर लट्ठ हुने गरी मदिरा पिलाएका थिए । किशोरी लट्ठिएपछि उनले अरू तीन जना साथीलाई बोलाएर केराघारीमा पुऱ्याए र त्यहाँ पनि मदिरा सेवन गराए ।

'मदिरा सेवन गरेपछि किशोरी अचेतझैं

*(बाँकी अन्तिम पृष्ठमा)*

### यौन दुर्व्यवहार गर्नेलाई कैद

**सप्तरी, असोज ५।** जिल्ला अदालत सप्तरीले बालिकासँग यौन दुर्व्यवहार गरेको कसुरमा ७० वर्षीय वृद्धलाई आइतवार कैद सजाय गरेको छ । सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका-५ बर्साइनका खुशीलाल रजकलाई कैद र जरिवानाको फैसला गरेको अदालतले जनाएको छ ।

अभियुक्त रजकलाई तीन महिना कैद र रु. ३० हजार जरिवानाको फैसला गरेको हो । अदालतको फैसलामा भनिएको छ- मुलुकी अपराध

*(बाँकी अन्तिम पृष्ठमा)*

# विरीङ खोलाको जग्गा धितो राखेर ५ करोड ऋण !

## बैंकका पूर्व सीईओसहित ११ जना पक्राउ

**बिर्तामोड, असोज ५।** बैंककै कर्मचारीसंगको मिलेमतोमा एक व्यक्तिले बगिरहेको खोलाको जग्गा धितो राखेर बैंकलाई नै लाखौं रकम हानी नोक्सानी पुऱ्याएको तथ्य खुलेको छ ।

झापाको कनकाई नगरपालिका भएर बग्ने विरीङ खोलाको जग्गा बैंकमा धितो राखेर झण्डै पाँच करोड रुपैयाँ ऋण लिएको र बैंकलाई व्याज समेत नतिरेपछि प्रहरीले बैंक अफ काठमाडौंका पूर्वप्रमुख कार्यकारी अधिकृतसहित ११ जनालाई पक्राउ गरेसंगै यस्तो तथ्य खुलेको हो ।

झापाको साविक घैलाडुब्बा बजार पश्चिम भएर बगिरहेको विरीङ खोला नै धितो राखेर ऋण दिएको आरोपमा बैंकका पूर्वप्रमुख कार्यकारी अधिकृत अजय श्रेष्ठ र ऋणी सुरेन्द्र श्रेष्ठसहित बैंकका पूर्वकर्मचारी र केही बहालवाला कर्मचारी गरी ११ जनालाई प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआइबी)ले पक्राउ गरेको हो ।

ऋणी श्रेष्ठले कित्ता नम्वर ३५९६ र ३२७१ को जग्गा धितो राखेर ऋण लिएको खुलेको छ। जुन जग्गाामा अहिले पनि खोला बगिरहेको प्रहरीले जनाएको छ । उनीहरुले मिलेमतोमा बगिरहेको खोलाको नक्कली कागजात बनाएर श्रेष्ठलाई ऋण दिएको प्रहरीको अनुसन्धानमा खुलेको केन्द्रीय अनुसन्धान व्यूरो-सिआईवी) ले जनाएको छ। विभिन्न मितिमा पक्राउ गरिएका उनीहरुको विषयमा अनुसन्धान भइरहेको प्रवक्ता प्रहरी उपरीक्षक बेलबहादुर पाण्डेले जानकारी दिए ।

प्रहरीका अनुसार घटनामा संलग्न रहेको आरोपमा यसअघि नै अन्य व्यक्ति पक्राउ परेको र गत शुक्रबार मात्रै बैंक अफ काठमाडौंका तत्कालीन प्रमुख श्रेष्ठलाई पक्राउ गरी अनुसन्धान थालेको प्रवक्ता पाण्डेले जानकारी दिए ।

उनीहरुविरुद्ध बैंक सम्बन्धी कसुरमा अदालतबाट म्याद थप गरी अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । उनीहरुले तीन वर्षअघि खोलाको जग्गा धितो राखेर रु. चार करोड ५० लाख ऋण दिएको खुल्न आएको सीआईवीका प्रवक्ता पाण्डेको भनाइ छ ।

कमसल र नक्कली कागजात प्रयोग गरी खोलाको जग्गा धितो राखेर ऋण दिएको प्रहरीले जनाएको छ । बैंक सम्बन्धी कसुर मुद्दामा ६० दिनसम्म प्रहरीले हिरासतमा राखेर अनुसन्धान गर्न सक्ने कानूनी व्यवस्था छ । 'नक्कली र कमसल धितो राखेर ऋण प्रवाह गरी बैंकलाई हानी नोक्सानी गराएको पाइयो, ऋणी श्रेष्ठले पैसा नतिरेपछि उजुरी परेको थियो, अहिलेसम्म विभिन्न मितिमा पक्राउ गरेकासहित गरेर ५० दिन अनुसन्धान भइसकेको छ, अब १० दिनभित्रमा मुद्दा दर्ता हुन्छ'- प्रहरी उपरीक्षक पाण्डेले भने ।

पछिल्लो समय वैंककै कर्मचारीसंगको मिलेमतोमा विभिन्न खोला तथा नदीको नक्कली कागजात बनाई

*(बाँकी अन्तिम पृष्ठमा)*

### दाजुलाई खुकुरी प्रहार गरी भाइ झुण्डिए

**इलाम, असोज ५।** इलामको सन्दकपुर गाउँपालिका-१ भयाउपोखरीका ४२ बर्षीय बुद्धवीर राईले आफ्नै दाजु ६४ बर्षीय बिष्णु राईलाई धारिलो हतियार खुकुरी प्रहार गरी घाइते बनाई आफूले झुण्डिएर आत्महत्या गरेका छन् ।

आइतवार बिहान साँढे १० बजेको समयमा आफ्नै बारीमा घाँस काटिरहेका दाजु बिष्णुलाई भाइ बुद्धवीरले कञ्चटमा खुकुरी प्रहार गरी फरार भएका थिए । घटनाबारे जानकारी पाउनासाथ तत्काल प्रहरी चौकी बन्दुकेबाट प्रहरीको टोली खटि घाइतेलाई उद्धार गरी उपचारको लागि झापा पठाएको थियो ।

फरार बुद्धवीर राई खोजतलास गर्दै जाने क्रममा घटनास्थल नजिकै रहेको गोगुनको रुखमा झुण्डिएर मृत्यु भएको अवस्थामा फेला परेका थिए । घटनास्थलमा पुगेको जिल्ला प्रहरी कार्यालय इलामको प्रहरी टोलीले थप अनुसन्धान लगायत कानूनी प्रक्रिया गरिरहेको उक्त कार्यालयले जनाएको छ ।

### महिलासहित जुवाडे पक्राउ

**झापा, असोज ५।** नेपाल प्रहरीले रु. ९७ हजार नगदसहित १४ जनालाई पक्राउ गरेको छ । गोङ्गबुको छुट्टाछुट्टै दुई ठाउँमा जुवा खेलिरहेको अवस्थामा छापा मार्दा उनीहरुलाई पक्राउ गरेको हो ।

टोखा नगरपालिका-

*(बाँकी अन्तिम पृष्ठमा)*







बाथरोगका बिरामीहरूलाई खुशीको खबर

डा. अन्जल बिष्ट
M.B.B.S. M.D.(Internal Medicine)(NAMS)
Fellowship in Clinical Immunology and Rheumatology (GRIPMER New Delhi)
बाथरोग विशेषज्ञ
NMC-8013

यही असोज ७ गते मंगलवार विहान ११ बजेदेखि वीर अस्पताल काठमाडौंबाट आउँदै हुनुहुन्छ ।

डा. सुधिर गिरी
M.B.B.S. M.D. (Skin & V. D.) (T.U.T.H)
छाला(चर्म) यौन तथा कुष्ठ रोग विशेषज्ञ NMC. No– 5344
दैनिक सेवा उपलब्ध छ ।

सम्पर्कः प्रान्जल फार्मेसी,
अन्धुवा पुल, उत्तर बिर्तामोड (०२३-५४४८२२, ९८४२६५४३२५)

बाल रोग विशेषज्ञ डाक्टर आउने बारेको सूचना

डा. धर्मपाल राय
MBBS, MD (Ped) K.U.
PGPN, Boston University (USA)
Traning in Ped. Asthma (IAP), (NMC 5550)

वरिष्ठ नवजात शिशु, बालरोग तथा बाल पोषण विशेषज्ञ
विहान ८ बजेदेखि ९ बजेसम्म बेलुका ५ बजेदेखि ७ बजेसम्म दैनिक सेवा

सम्पर्कः साथी मेडिको एण्ड साथी डाइगोनोष्टिक सेन्टर
भद्रपुररोड, बिर्तामोड, झापा (सिद्धार्थ बैंक अगाडि)
फोन नं. ०२३-५४६३६४, ५४४०१३, ९८२४०३८६१६

नेपालीहरुको लागि भरपर्दो सेवा
निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर

Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले
Royal Enfield को सम्पूर्ण पार्ट्सहरु १०% छुट गरिएको छ ।



यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पाट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ

निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर
पानीटंकीको पहिलो गल्ली बायाँ साइड
सम्पर्क : निशान्त– ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)

# विपन्न परिवारका लागि सवा दुई करोड

**बिर्तामोड, असोज ५।** संघीय सरकारले बिर्तामोड र अर्जुनधारा नगरपालिकामा रहेका विपन्न परिवारका लागि आवाससहितका कार्यक्रम सञ्चालन गर्न दुई करोड २५ लाख रुपैयाँ बजेट विनियोजन गरेको छ।

संघीय सरकारले झापा क्षेत्र नं. २मार्फत विपन्न आवास कार्यक्रमसहित अन्य विभिन्न सामाजिक कामका लागि दुई करोड २५ लाख रुपैयाँ बजेट विनियोजन गरेको संघीय सांसद पवित्रा निरौला खरेलले जानकारी दिइन्। उनका अनुसार तराई, मधेश समृद्धि कार्यक्रम अन्तर्गत बिर्तामोड नगरपालिका र अर्जुनधारा नगरपालिकासँग समन्वय गर्दै यहाँका विपन्न समुदायका लागि आवास निर्माण गरिने भएको छ भने बुद्धशान्ति गाउँपालिकामा सामुदायिक भवन, कनकाई नगरपालिकामा कोच राजवंशीको अधुरो सामुदायिक भवन निर्माणमा रकम खर्च गरिने भएको छ।

बिर्तामोड नगरपालिका-६, ७, ८ र ९मा रहेका पछाडि परेका समुदाय र विपन्न परिवारका लागि केन्द्रीय सरकारबाट ७५ लाख बजेट विनियोजन भएको छ भने अर्जुनधारा-३मा रहेका विपन्न परिवारका लागि आवास निर्माण गर्न ६० लाख रुपैयाँ बजेट विनियोजन भएको छ। विपन्न आवास कार्यक्रम सञ्चालनका लागि अर्जुनधारा नगरपालिकाले १५ लाख रुपैयाँ प्रदान गर्ने र बिर्तामोड नगरपालिकाले नौ लाख रुपैयाँ प्रदान गर्ने सहमति भएको बताइएको छ।

अर्जुनधारा नगरपालिकामा विपन्न कार्यक्रम आवासका लागि चालूआर्थिक बर्षमा ७५ लाख र बिर्तामोड नगरपालिकामा ८४ लाख खर्च हुने बताइएको छ। त्यस्तै बुद्धशान्ति गाउँपालिका वडा नं. २मा सामुदायिक भवन निर्माणका लागि केन्द्रीय अनुदान ३० लाख र स्थानीय तहबाट ५ लाख गरी ३५ लाख रुपैयाँ बजेट प्राप्त भएको छ भने जगदीश्वर शिव पाञ्चायन मन्दिर बहुउपयोगी सामुदायिक भवन निर्माणका लागि संघीय सरकारबाट ३० लाख रुपैयाँ बजेट विनियोजन भएको छ। यो सामुदायिक भवन गाउँपालिकाको वडा नं. २मै रहेको छ। यसका लागि गाउँपालिकाले ५ लाख रुपैयाँ थप बजेट प्रदान गर्ने बताइएको छ।

यता कनकाई नगरपालिका-९मा रहेको कोच राजवंशी सामुदायिक भवन निर्माणका लागि संघीय सरकारले ३० लाख रुपैयाँ बजेट विनियोजन गरेको र कनकाई नगरपालिकाले ३ लाख रुपैयाँ बजेट प्रदान गरेको प्रतिनिधिसभा सदस्य खरेलका स्वकीय सचिव लीला आचार्यले जानकारी दिए। आचार्यका अनुसार तराई, मधेश समृद्धि कार्यक्रमका लागि संघीय सरकारबाट २ करोड २५ लाख, स्थानीय तहबाट ३७ लाख गरी दुई करोड ६२ लाख रुपैयाँ झापा क्षेत्र नं. २लाई मात्रै बजेट विनियोजन भएको हो।

# अर्जुनधारा स्वास्थ्य चौकीको सेवा नयाँ भवनबाट



**अर्जुनधारा, असोज ५।** झापाको अर्जुनधारा-४ सिसौघारीमा नवनिर्मित अर्जुनधारा स्वास्थ्य चौकी भवनको आइतबार एक कार्यक्रमकोबीच उद्घाटन गरिएको छ।

नगर प्रमुख हरिकुमार रानाको अध्यक्षतामा आयोजित कार्यक्रममा प्रमुख अतिथि संविधानसभा सदस्यहरु सुधिर शिवाकोटी, प्रेमबहादुर गिरी र नगर प्रमुख रानाले उक्त भवनको संयुक्त रुपमा उद्घाटन गरेका थिए।

भवन निर्माण गर्न बिर्तामोड-१ जगतबस्ती निवासी शिवमाया र लक्ष्मण बस्नेतको स्मृतिमा बस्नेत परिवारबाट स्वास्थ्य चौकीलाई सात कट्ठा जग्गा निःशुल्क प्राप्त भएको थियो। शहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालय इलामको भ्याटसहित दुई करोड ३८ लाख रुपैयाँको लगानीमा भवन निर्माण भएको हो। २०७४ असार ५ गते सम्झौता भएर निर्माण शुरु भएको उक्त भवन निर्माणको ठेक्का एचटीसी कन्स्ट्रक्सन प्रालि काठमाडौंले पाएको थियो।

त्यसैगरी कार्यक्रममा जग्गादाता बस्नेत परिवारलाई सम्मान गरिएको थियो। स्वास्थ्य चौकी व्यवस्थापन समितिका अध्यक्ष एवम् वडाध्यक्ष दुर्गाप्रसाद दाहालले औचित्यसहित स्वागत मन्तव्य व्यक्त गरेको कार्यक्रमको सञ्चालन सिनियर अहेव दुर्गाप्रसाद भट्टराईले गरेका थिए। यस अघि अर्जुनधारा-७बाट सेवा प्रवाह गर्दै आएको उक्त स्वास्थ्य चौकीबाट स्वास्थ्य चौकीले प्रदान गर्ने सबै प्रकारका सेवाहरु उपलब्ध हुने प्रमुख एचए अनुषा कार्कीले बताइन्।

# विप्लवका भोजपुर सेक्रेटरी पेस्तोल र ग्रिनेडसहित पक्राउ



**भोजपुर, असोज ५।** सरकारद्वारा प्रतिबन्धित नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेकपाका माओवादी भोजपुर जिल्ला सेक्रेटरी बमबहादुर विष्ट हतियारसहित पक्राउ परेका छन्।

विष्टलाई आइतबार दिउँसो १ बजे भोजपुर नगरपालिका-१० भैंसीपंखास्थित गजुरमुखी भीर नजिकैको जंगलबाट पक्राउ गरिएको प्रमुख जिल्ला अधिकारी नुरहरि खतिवडाले जानकारी दिए।

प्रजिअ खतिवडाका अनुसार विष्टको साथबाट गोली भरिएका इटालियन अटोमेटिक पेस्तोल दुई थान, ६ राउण्ड गोली, ह्याण्ड ग्रिनेड एक थान र नगद बरामद गरिएको छ।

उनको साथबाट मोबाइल फोन, १२ वटा सिमकार्ड, चन्दा माग गर्दै लेखिएका पत्र र पार्टीका पर्चा पनि प्रहरीले फेला पारेको छ। उनलाई प्रहरी हिरासतमा राखेर अनुसन्धान थालिएको प्रजिअ खतिवडाले बताए। विष्ट भोजपुरकै ट्याम्के-मैयुङ गाउँपालिका-५ खावा, चोलन्तीका बासिन्दा हुन्।

## यौन दुर्व्यवहार ...

संहिता २०७४ को दफा १२४ (१) र (२) को कसुर गरेको देखिँदा सोही ऐनको दफा १२४ (३) बमोजिम आरोपितलाई तीन महिना कैद र ३० हजार जरिवाना हुने ठहर्छ।

रजकमाथि बाटामा हिँडिरहेकी किशोरीलाई गत भदौ ७ गते घरभित्र लगेर हातपात गरी यौन दुर्व्यवहार गरेको आरोप छ। पीडितकी आमाले जिल्ला प्रहरी कार्यालयमा २०७५ भदौ ८ गते उजुरी दिएकी थिइन्।

## महिलासहित ...

९ म्याग्दीचोकस्थित प्रेम गौचनको घरमा रु. ८७ हजारसहित नौ जनालाई र टोखा नगरपालिका-९ कल्पना लिम्बूले सञ्चालन गरेको पूर्वेली खाजा घरबाट रु. ११ हजार नगदसहित पाँच जनालाई पक्राउ गरिएको प्रहरीले जनाएको छ।

पक्राउ पर्नेमा १० पुरुष र चार महिला जुवाडे रहेका छन्। यसैगरी प्रहरीले शनिबारै गोङ्गबुका विभिन्न होटल, लज र रेष्टुरेन्टमा बसेर अनैतिक क्रियाकलापमा सङ्लग्न २९ जनालाई पक्राउ गरेको छ।

## रक्सी ...

भएपछि उनीहरूले सामुहिक करणी गरेको खुल्नमा आएको छ'- प्रहरी उपरीक्षक पोखरेलले भने। राति नै पीडकमध्येका एक युवककी श्रीमतीले आफ्ना श्रीमान् खोज्न जाने क्रममा केराघारीमा युवतीमाथि करणी गरिरहेको देखेपछि उनैले प्रहरीलाई खबर गरेकी थिइन्। प्रहरीले त्यसपछि युवाहरूको खोजी थालेको थियो। घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# 'मामा'सहित खेलाडी सम्मानित



**झिलझिले, भदौ ५।** फुटवल क्षेत्रमा पाँच दशकदेखि क्रियाशील झापाका एक फुटबल प्रशिक्षकलाई शिवसताक्षी नगरपालिकाले आइतवार सम्मान गरेको छ। झापा फुटवल संघका अध्यक्ष भगीरथ आले मामा शिवसताक्षी नगर खेलकुद विकास समितिबाट सम्मानित भएका हुन्।

खेलाडी सम्मान तथा उपमेयर कप महिला फुटवलको आय-व्यय सार्वजनिक तथा चाडपर्व विशेष शुभकामना आदान प्रदान कार्यक्रमका अवसर पारेर मामा लगायत अन्य खेलाडी सम्मानित भएका हुन्। शिवसताक्षी नगरपालिकाका प्रमुख चन्द्रकुमार सेर्मा, उपप्रमुख भोजकुमारी नेपाल र शिवसताक्षी नगर खेलकुद विकास समितिका अध्यक्ष फुर्वा तामाङले नगद ५ हजारसहित दोसल्ला ओढाएर उनीहरुलाई सम्मान गरेका थिए। शिवसताक्षी नगरले वर्षेनि आयोजना गर्ने मेयर कप र उपमेयर कप प्रतियोगिता लगायत झापालाई फुटवल खेलको माध्यमबाट बिश्वसामु परिचित गराएको भन्दै 'मामा' लाई सम्मान गरिएको शिवसताक्षी नगर खेलकुद विकास समितिका अध्यक्ष तामाङले जानकारी दिए।

नगर खेलकुद विकास समितिले त्रिभुवन आर्मीका पूर्व खेलाडी शिवसताक्षी-७का सन्तोष नेपालीलाई पनि नगद ५ हजारसहित सम्मान गरेको छ। यस्तै गएको साउन १५देखि २२ गतेसम्म सञ्चालित १ नम्बर प्रदेश स्तरीय प्रथम उपमेयर महिला कप फुटवलको विजेता शिवसताक्षी नगरपालिकाको महिला फुटवल क्लवका खेलाडीलाई समितिले पुरस्कृत गरेको छ। १८ जना महिला खेलाडीलाई जनही ५ हजारका दरले नगर प्रमुख सेर्माले पुरस्कृत गरेका हुन्।

नगर खेलकुद विकास समितिका अध्यक्ष तामाङको अध्यक्षतामा भएको कार्यक्रममा नगरप्रमुख सेर्माले खेलाडीले आफ्नो नगरको नाम उच्च राख्न गरेको योगदानलाई नगरले कहिल्यै नबिर्सने बताए। कार्यक्रममा नगर शिक्षा अधिकारी सुरेन्द्र दाहाल, सम्मानित आले, पूर्व खेलाडी नेपाली लगायतले मन्तव्य राखेका थिए। आयोजक समितिका सदस्य सन्तोष पौडेलले सञ्चालन गरेको कार्यक्रममा स्वागत दीपक भेटवालले गरेका थिए।

यसैबीच गएको साउन १५ देखि २२ गतेसम्म झिलझिलेमा सञ्चालन भएको १ नम्बर प्रदेश स्तरीय प्रथम उपमेयर कप महिला फुटवल नकआउटको आयव्यय पनि सार्वजनिक गरिएको थियो। सो प्रतियोगितामा ३ लाख ९० हजार ३० रुपैयाँ बराबरको आम्दानी खर्च सार्वजनिक गरिएको हो।

# सरकारको खबरदारी गर्न आव्हान

**हल्दिवारी, असोज ५।** नेपाली कांग्रेसका नेता कृष्णप्रसाद सिटौलाले सरकारले आम जनताको लागि काम गर्नुपर्ने बताउँदै सरकारको काम काजको निरन्तर रूपमा खबरदारी गर्न कार्यकर्तालाई आव्हान गरेका छन्।

जनताभन्दा माथि कोही हुँदैनन् भन्दै उनले सरकार दायित्वबाट बिमुख हुँदै भ्रष्टाचारमा लिप्त रहेको आरोप लगाए। पूर्व महामन्त्री तथा उपप्रधानमन्त्री समेत रहेका सिटौलाले कांग्रेस कार्यकर्तालाई सरकारको काम कार्वाहीको निगरानी तथा खबरदारी गर्न निर्देशन समेत दिए।

हल्दिवारी गाउँपालिका वडा नम्बर-१ गोलधापमा आइतवार वीपी अध्ययन केन्द्रको आयोजनामा भएको विभिन्न पार्टी परित्याग गरी कांग्रेस प्रवेश गर्नेहरुलाई सिटौलाले स्वागत गर्दै आफ्ना कार्यकर्तालाई एक भएर जुट्न आव्हान गरेका हुन्।

त्यस अवसरमा वीपी अध्ययन केन्द्रका अध्यक्ष भूपाल बस्नेतको सक्रियतामा १०७ जना नेकपा तथा राप्रपाका कार्यकर्ता कांग्रेस प्रवेश गरेका थिए।

## विरीङ खोलाको ...

जमिन धितोमा राख्ने घटना बढ्दै गएको प्रहरीले जनाएको छ। झापामा यसरी बगिरहेको खोला वैंकमा धितो राखेको घटना भने पहिलो हुन सक्ने सिआईबीको भनाइ छ। अहिले झापाका विभिन्न खोलाको बगर किनबेचमा गिरोह नै सक्रिय रहेको छ। खोलाको बगर किन्न काठमाडौंदेखिका मानिस झापा आउने गरेका छन्। उनीहरुले विभिन्न नक्कली कागजात खडा गरी वगर बैंकमा धितो राखेर ऋण लिने गरेको बुझिएको छ।

# आधारभूत स्तरको खानेपानीमा ८८%को पहुँच

**काँकरभिट्टा, असोज ५।** हाल आधारभूत स्तरको खानेपानीको पहुँच ८८ प्रतिशत जनतामा मात्र पुगेको यसका विज्ञहरुले बताएका छन्।

उच्च तथा मध्यम स्तरको खानेपानीको पहुँच भने २० प्रतिशत मात्रमा पुगेको छ। आइतबार झापाको मेचीनगरस्थित काँकरभिट्टामा सम्पन्न काँकरभिट्टा र चारआलीको मानव मलमुत्रीय फोहोर व्यवस्थापन सञ्चालन सम्बन्धी कार्यशालामा यससँग सम्बन्धित विज्ञहरुले प्रस्तुत गरेको तथ्याङ्कले यस्तो देखाएको हो।

मानव मलमुत्रीय फोहोर व्यवस्थापन सम्बन्धी संस्थागत तथा नियमक खाका, ट्रिटमेन्ट युनिट प्रशोधन केन्द्र, व्यवसायिक योजना र सञ्चालन निर्देशिकाको बारेमा सरोकारवालालाई जानकारी प्रदान गर्ने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको थियो। त्रिपक्षीय सेवा सञ्चालन सम्झौताको बारेमा औपचारिक रुपमा छलफल भएर सहमति गरी सम्झौता सम्पन्न हुने तथा सम्झौता शर्तहरु कार्यान्वयन गर्ने वातावरण निर्माण गर्ने उद्देश्यले कार्यशालाको आयोजना गरिएको बताइएको छ।

नेपाल सरकार खानेपानी मन्त्रालय, खानेपानी तथा ढल व्यवस्थापन विभाग, साना शहरी खानेपानी तथा सरसफाई आयोजना तथा शहरी खानेपानी तथा सरसफाई आयोजना, आयोजना व्यवस्थापन कार्यालयले आयोजना गरेको कार्यशालामा विभिन्न विषयका विज्ञहरुले आ-आफ्ना प्रस्तुति दिएका थिए। आयोजना निर्देशक विद्यानाथ भट्टराईले खानेपानी तथा सरसफाई क्षेत्रको उपलब्धिका विषयमा प्रस्तुति दिएका थिए।

उनले आधारभूतस्तरको सरसफाईमा ९८ प्रतिशतको पहुँच पुगेको तथा ढल प्रणालीमा आबद्ध ३० प्रतिशत र सेफ्टी ट्यांकी प्रयोग ४८ प्रतिशत रहेको उल्लेख गरे। यो तथ्याङ्क खानेपानी तथा सरसफाई क्षेत्रको लक्ष्य १५औं योजना २०७६/०७७-२०८०/०८१को अन्त्यसम्मको भएको उनले जानकारी दिए। उनले आधारभूतस्तरको खानेपानीको पहुँच ९९ प्रतिशतमा तथा उच्च तथा मध्यम स्तरको खानेपानीको पहुँच ४० प्रतिशतमा रहेको बताए। आधारभूतस्तरको सरसफाईमा पहुँच १०० प्रतिशत प्रशोधनसहितको ढल प्रणालीमा आबद्ध २० प्रतिशतमा पहुँच पुगेको उनले प्रस्तुत गरेको प्रतिवेदनमा उल्लेख छ।

साना शहरी खानेपानी तथा शहरी खानेपानी तथा सरसफाई आयोजनाको अवधारणाका बारेमा प्रस्तुति दिनु हुँदै भट्टराईले नेपाल सरकार, उपभोक्तावर्ग वा स्थानीय तहको सहलगानी र लागत असुलीमा आधारित हुने, आयोजनाको निर्माण, सञ्चालन र सम्भारमा लैङ्गिक समानता र सामाजिक समावेशिता रहने, आयोजना सम्पन्न पश्चात् निर्माण व्यवसायीद्वारा १ वर्षसम्म आयोजनामा सञ्चालन तथा मर्मत सम्भार गर्नुपर्ने नेपाल राष्ट्रिय गुणस्तर बमोजिमको सुरक्षित खानेपानी सेवाको उपलब्ध हुने र खानेपानी तथा सरसफाई प्रणालीको स्वामित्व स्थानीय तहमा रहने गरी उपभोक्ता संस्थाबाट सञ्चालन र व्यवस्थापन हुने जानकारी गराएका थिए।

निर्माण निरीक्षक विशेषज्ञ केशवराज विष्टले प्रशोधन प्रणालीको जानकारी तथा काँकरभिट्टा र चारआलीको एफएसएमका बारेमा प्रस्तुति दिएका थिए। उनले पोषण तत्व व्यवस्थापन, हानीकारक जीवाणुहरु घटाउने पानीको मात्रा बढाउने प्रविधि प्रयोगका उद्देश्य रहेको बताए।

काँकरभिट्टा खानेपानी उपभोक्ता तथा सरसफाई संस्थाका अध्यक्ष हर्कबहादुर लिम्बूको सभापतित्वमा भएको कार्यक्रममा आयोजनाका उपनिर्देशक नारायणप्रसाद आचार्य, खानेपानी तथा सरसफाई सुशासनविज्ञ सञ्जय अधिकारी तथा व्यवसायिक योजनाविज्ञ डाक्टर मिङ्मा सेर्पा, हरिप्रसाद शर्माले विभिन्न विषयमा प्रस्तुति दिएका थिए। कार्यक्रममा निर्देशिकाका बारेमा जानकारी गराउँदै सेवा सञ्चालन सम्झौता अवधारणा र जिम्मेवारी तथा छलफल परिमार्जन तथा सेवा सञ्चालन सम्झौता-पत्र समेत सम्पन्न भएको छ।

काँकरभिट्टा खानेपानी उपभोक्ता तथा सरसफाई संस्थाको सभाहलमा भएको कार्यक्रममा मेचीनगर, बिर्तामोड नगरपालिकाका नगरप्रमुख, उपप्रमुख, बुद्धशान्ति गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, काँकरभिट्टा चारआली खानेपानीका पदाधिकारीसहित विभिन्न संघ-संस्था, प्रमुख प्रतिनिधिहरुको सहभागिता रहेको थियो।

कार्यक्रमको परिचय तथा उद्देश्यका बारेमा हरिप्रसाद शर्माले प्रकाश पारेका थिए भने उद्घाटन सत्रको सञ्चालन काँकरभिट्टा खानेपानी उपभोक्ता तथा सरसफाई संस्थाको सचिव राजकुमार पराजुलीले गरेका थिए।


## भिटा विक्रीमा

बिर्तामोड-१ देवी पञ्चकन्या प्लटिङमा १ कठ्ठा भिटा सस्तोमा अर्जेन्ट विक्रीमा छ।
**२० फुटे बाटो। ४० फुट मुख। ९२ फुट लम्बाई। वरिपरि प्लम उठाइएको।**
**लोकेशन : (देवी पञ्चकन्या प्लटिङको आइलेण्ड (गोलाई)बाट थोरै उत्तर पश्चिम।**
**अर्थात् मोहनमाया स्कूल उत्तरको पार्टी प्यालेसबाट थोरै उत्तर पूर्व)**
**उच्च ठाउँ र शान्त वातावरण भएकाले घर आवासका लागि अति उत्तम।**
**तत्काल पास गर्नेले सम्पर्क गर्नुहोला।**
**मो. ९८२३७२६९७९**

## कर्मचारी आवश्यकता


कानोल फर्मासिटीकल्स लि. इण्डियालाई बिर्तामोड क्षेत्रमा निम्न बमोजिम कर्मचारी आवश्यकता भएको हुँदा योग्यता पुगेका नेपाली नागरिकबाट दरखास्त आव्हान गरिन्छ।

पदः M.R. (मार्केटिङ) संख्याः २ जना (महिला)
योग्यताः B.A., B.B.S, B.Ed. पास वा रनिङ
तलबः आकर्षक (समझदारीमा) **सम्पर्कः ९८०२७७९६००**

**Private / Open SEE 2076**
प्राईभेट SEE. कक्षा-१० को आठ ओटै विषयका तयारी कक्षाहरुमा भर्ना खुल्यो।
कक्षा-८ पास गरी अध्ययन छाडेका, कक्षा-९, १० वा SLC फेल भई बसेका विद्यार्थीहरूले यस वर्ष नै SEE पास गर्न सक्नेछन्।
**पाइथागोरस एजुकेशन फाउण्डेशन**
अतिथि सदन रोड, बिर्तामोड
फोन. 023-544975, मो.नं. 9807927033

## बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ।)
पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।



## शिवगञ्ज बहुमुखी क्याम्पस, शिवगञ्ज झापाको
## आंशिक शिक्षक पदपूर्ति सम्बन्धी विज्ञापन

**प्रथमपटक प्रकाशित मिति : २०७६।५।२६**

यस शिवगञ्ज बहुमुखी क्याम्पस, शिक्षक छनौट समितिको मिति २०७६।०५।२५ गतेको निर्णय अनुसार निम्नानुसार करारमा शिक्षक पदपूर्ति गरिने भएको हुँदा योग्य नेपाली नागरिकबाट दरखास्त आव्हान गरिन्छ।

| क्र.सं. | विज्ञापन नं. | पद संख्या | पद/ किसिम | न्यूनतम शैक्षिक योग्यता | तलब स्केल |
|---|---|---|---|---|---|
| १. | ०१/०७६/०७७ | १ (एक) | शिक्षक/ आंशिक (कम्तीमा २ घण्टी/ २ विषय) | व्यवस्थापन संकायमा स्नातकोत्तर तह न्यूनतम द्वितीय श्रेणीमा उत्तीर्ण | सञ्चालक समितिको निर्णयानुसार |

४) **नागरिकबाट दरखास्त आबद्ध दरखास्त बुझाउने समय :** विहान ७:३० बजे देखि ९:०० बजेसम्म।
५. **दरखास्त दिने अन्तिम मिति :** २०७६।०६।१० गते विहान ९:०० बजेसम्म। ६. **परीक्षा दस्तुर :** रु.२,०००।- (दुईहजार मात्र)
७. **सम्पर्क मिति :** २०७६।०६।१० गते शुक्रवार दिउँसो १:३० बजे। ८. **परीक्षाको किसिम :** लिखित र प्रयोगात्मक।
९. **आवश्यक कागजातहरु :**
क) शैक्षिक योग्यताको प्रमाण-पत्रका प्रतिलिपिहरु ख) नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि
ग) अनुभवको प्रमाण-पत्रका प्रतिलिपिहरु घ) पासपोर्ट साइज फोटो २ प्रति।
ङ) सबै कागजातहरुको एक फायल तयार गरी बुझाउनुपर्ने।
१०. आवेदन दिन र परीक्षामा सामेल हुन आउँदा सक्कल प्रमाण-पत्रहरु ल्याउनुपर्नेछ।
११. म्याद नाघी आएको दरखास्त बदर हुनेछ। १२. परीक्षा मिति, समय र स्थान सम्पर्क मितिका दिन तोकिनेछ।

**सुमन काफ्लेः क्याम्पस प्रमुख**



## नदीजन्य निर्माण सामग्री (ढुंगा, गिटी, वालुवा) बोलपत्र सम्बन्धी सूचना

**प्रथमपटक संशोधन भएको मिति २०७६।६।५**

यस कार्यालयको मिति २०७६।६।१ गतेको मेची, हडिया र निन्दा नदीको नदीजन्य सामग्री (ढुंगा, गिटी, वालुवा) बिक्री गर्ने कार्यको बोलपत्र आहवान सम्बन्धी सूचना प्रकाशित गरिएकोमा प्रदेश नं.१ सरकारको आर्थिक ऐन २०७६को अनुसुची ५ दफा ८सँग सम्बन्धित सूचना प्राकृतिक श्रोत संकलन तथा बिक्री शुल्क बृद्धि भएकोमा यस अघि राखिएको न्यूनतम् अंकमा संशोधन गरी देहाय बमोजिम कायम गरिएको व्यहोरा सर्वसाधरण सबैलाई जानकारीको गराईन्छ।

**तपसिल**

| सि.न. | नदी | न्यूनतम अंक (मूल्य अभिबृद्धि कर बाहेक) | कै |
|---|---|---|---|
| १ | मेची | ४७,८०,३२६।६९ | |
| २ | हडिया र निन्दा | २७,५४,५७०।०० | |

**भद्रपुर नगरपालिका**



## विद्युत् आपूर्ति अवरुद्ध हुने बारेको सूचना

यस नेपाल विद्युत् प्राधिकरण अनारमनी वितरण केन्द्र अन्तर्गतका तपशिल बमोजिमका स्थानमा तपशिल बमोजिमको समय विद्युत् आपूर्ति अवरुद्ध हुने बारेको व्यहोरा जानकारीको लागि अनुरोध छ। साथै यसबाट ग्राहक महानुभावहरुमा पर्न जाने असुविधाप्रति नेपाल विद्युत् प्राधिकरण अनारमनी वितरण केन्द्र क्षमा प्रार्थी छ।

| मिति | फिडरको नाम | स्थान | समय | कारण | कैफियत |
|---|---|---|---|---|---|
| २०७६।६।०६ | ११ केभी गरामनी फिडर तथा शनिश्चरे फिडर | अनारमनी वितरण केन्द्र अन्तर्गतको हर्चना, मिलडाँडा, विरान क्षेत्र तथा शनिश्चरे फिडरको अर्जुनधारा नपा वडा नं. ८का नारायण चोक हुँदै गढी, मदनपुर, सिस्ने, खुदुनावारी क्षेत्र सबै | विहान ७:०० बजेदेखि दिउँसो ५ बजेसम्म | बुस कटिङ तथा लाइन मर्मत कार्य | उल्लेखित समय भन्दा १ घण्टा अघि वा पछि हुन सक्नेछ। |

**नेपाल विद्युत् प्राधिकरण**
**अनारमनी वितरण केन्द्र, बिर्तामोड, झापा**


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित – कार्यालय : बिर्तामोड–१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रेसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

## सम्पादकीय

# दिवसको सार्थकता चरित्रले देखाओस्

**अंग्रेजी महिना सेप्टेम्बरको तेस्रो शनिबारलाई विश्व सरसफाई दिवसका रुपमा मनाउन थालिएको छ । फोहरमैलाका कारण पृथ्वीको नियमित चक्रमा परिवर्तन आउनुका साथै अनेक जोखिमहरु बढ्दै गएको अवस्थामा यो दिवस मनाउन थालिएको हो । पृथ्वी प्रकृति प्रदत्त सुन्दर उपहार हो जसले लाखौं जीव तथा वनस्पतिहरुलाई जीवित राखेको छ । उनीहरुलाई नभई नहुने सबै वस्तु अर्थात् हावा, पानी र अन्न मात्रै होइन सुरक्षित रहने आधार र वातावरण पनि प्रकृतिबाटै पाइरहिएको छ । तर ती मध्ये मानव जाति त्यस्तो वर्गको जसले प्रकृतिले 'डुंडुलो' नै निल्न उद्यत छ ।**

**मानव जातिले व्यक्ति वा वर्गको स्वार्थका निम्ति प्रकृतिको सन्तुलित स्वरुपलाई असन्तुलित र विद्रुप बनाइरहेको छ । अनिवार्य आधारका रुपमा रहेको हावा र पानीलाई प्रदुषित मात्र होइन विषाक्त बनाएको छ । उद्योग सञ्चालनको नाममा होस् वा भौतिक विकास अथवा समृद्धिको बहानामा हाल प्रकृतिमाथि मानव आक्रमण भइरहेको छ । फोहोर उत्सर्जन गरेर, जथाभावी फ्याँकेर हावा, पानीलाई ग्रहण गर्नै नहुने अवस्थामा पुऱ्याउने मानव जाति नै हो । नदीनालामा सड्ने, नसड्ने, पुनर्चक्रण हुने–नहुने सबैखालका मानवद्वारा उत्सर्जित फोहर फ्याल्नु हिजोआजको भाषामा शहरी सभ्यता भएको छ ।**

**विकसित देशहरु यस्ता फोहरको उत्सर्जनको समस्याबाट मुक्त होलान् । तर, उनीहरु ठूल्ठूला युद्ध आणविक उत्पादन परीक्षण र प्रयोगबाट असुरक्षित छन् । हामी अझै धेरै पछि छौं र सम्पूर्ण क्रियाकलाप प्रकृतिको सन्तुलनका विपक्षमा गर्दैछौं । खासगरी बजार बजार उन्मुख र शहर सबै जल, जमिन, वायु र ध्वनी प्रदुषणको समस्याबाट ग्रस्त छ । त्यसकै कारण असमयमा रोगव्यापी मात्र होइन मौसम परिवर्तनको गम्भीर असर भोग्न हामी विवश छौं । यही समस्याबाट सचेत रहँदै विश्व सरसफाई दिवस औपचारिक रुपमा मनाउनुपर्छ भन्ने सन्देश मार्फत सचेतना प्रवाह गर्न खोजिएको हुनसक्छ ।**


**यही क्रममा झापाको सर्वाधिक घनत्व भएको बिर्तामोड नगरपालिकाको शहरी क्षेत्रमा रहेको वडा नं. ५ मा यो दिवस मनाइएको छ । यो क्षेत्र र यसले छोएको १ र ४ नम्बर क्षेत्र पनि चारै प्रकारका प्रदुषणबाट आक्रान्त छ । यसको दीर्घकालीन उपचारको पहल भएको छैन । कतै–कतै हप्ता–दुई हप्तामा ट्याक्टरले फोहर संकलन गर्नु बाहेक सचेतना तथा दण्ड सजायको व्यवस्था गरिएको छैन । यही क्षेत्र भएर बग्ने एकमात्र अन्धुवा नदीलाई स्थानीयबासीले 'डम्पिङ' बनाएका छन् । नगरपालिकाले अस्थायी रुपमै भए पनि फोहर संकलन गर्दै गरेको जान्दाजान्दै नदी आसपासका कतिपय बासिन्दा राति–राति नदीभित्रै फोहर विसर्जन गर्दैछन् । 'जल जीवन हो, यसको स्वच्छता र पवित्रतामा सम्पूर्ण जीवन सुरक्षित हुन्छ, त्यसैले चेतनाले उच्च भएको मानिसले नदीको स्वच्छन्द प्रवाहमा अवरोध गर्नु हुन्न' –भन्ने चेतनाको बिर्को नउघ्रिएसम्म कुनै दिवसले सार्थकता पाउने छैन । त्यसैले प्रत्येक दिवसले तदनुकूलको चरित्र निर्माण गर्ने सामर्थ्य दिनु पर्दछ । त्यस्तो भए मात्र यस्ता दिवसको सार्थकता पुष्टि हुन्छ ।**

### सामाजिक सञ्जाल

संविधानका अक्षर आफैमा मृत हुन्छन् । संविधान, न आफै बोल्न सक्छन् हिँड्न सक्छ । यसका मृत अक्षरमा प्राण भर्छ- व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका आदि संस्थाको औकात, आचरण, विवेक र क्षमताले । संविधानको प्राण अक्षरमा होइन, आचरणमा लुकेको हुन्छ । त्यो देखे, जनताले जय भन्छन् । धैर्य फुटे, लखेट्छन् ।

**– विजयकुमार पाण्डे**





ज्ञानको सीमा हुन्छ होला सायद । मेरो ज्ञानको सिमा छ । मैले नजानेका नबुझेका धेरै कुरा छन् । म भन्ने गर्छु हिजोसम्म मैले जे गर्दै आए आज गर्दै छैन । जुन काम कहिल्यै गरिन त्यो अहिले गर्नु परेको छ । म र म जस्ता धेरै राजनीतिकर्मीले आफूलाई विषय विज्ञ कहिल्यै ठान्दैनौं । किनकि बाँकी सिक्दै गर्ने हो ।


**– रामकुमारी झाक्री**

एउटा राजनीतिक दलको नेता मात्र होइन, प्रधानमन्त्री समेत भएका व्यक्तिको भाषा नबुझ्ने, राष्ट्रपतिले निमुखाको आवाज कसरी बुझ्नु होला ?

**– सरोज पौडेल**



# समाजसेवा नै समाज विकासको आधार



**तीर्थराज खरेल**

आज ४०औं राष्ट्रिय सामाजिक सेवा दिवस । 'सुखी र समृद्ध राष्ट्रिय सोच, समाज विकास हाम्रो अठोट' भन्ने नाराका साथ यो दिवस मनाउन लागिएको छ। समाजसेवा विकासोन्मुख देशको बिकासका लागि एउटा मेरुदण्ड नै हो । समाज सेवामा नागरिकहरुको आकर्षण अनि नयाँ पुस्तालाई समाज सेवाप्रति अभिप्रेरित गर्नका लागि समाज कल्याण परिषद्ले सामाजिक सेवा दिवस मनाउन शुरु गरेको हो । समाज सेवाको क्षेत्रमा कार्यरत नेपालमा क्रियाशील मुलुकभित्र र बाहिरका गैर सरकारी संस्थाहरुको अनुगमन, मूल्याकंन अनि सुपरीवेक्षण गर्दै आएको सरकारी संयन्त्र समाज कल्याण परिषद्ले यस वर्ष पनि सामाजिक सेवा दिवस मनाउने निर्णय गरेको छ।

हाम्रो समाजमा महान् र उदाहरणीय काम गर्ने समाजसेवीको संख्या बढ्दै गएको छ। हृदयको ढोका बन्द गरेर सम्पत्ति कमाउने मात्र चाहना बोकेकाहरुको त कुरै नगरौं, तर आफ्ना पितृको सम्मान र स्मृतिमा मन्दिर, पाटीपौवा, सामुदायिक भवन, विद्यालय, चौतारी र विश्रामगृह बनाउने हाम्रो पुरानै नेपाली संस्कृति हो । हाम्रो समाजमा पनि मन्दिर निर्माणदेखि अशक्त, असहायहरुलाई सहयोग गर्ने, गरिब विद्यार्थीलाई शैक्षिक सामग्री वितरण गर्ने संघ-संस्था तथा व्यक्तिहरुको संख्या हरेक दिन बढिरहेको छ । सामाजिक सञ्जालहरुमा तस्वीर अपलोड गरिरहेका कथित समाजसेवीहरुको संख्या पनि बढिरहेको आजको अवस्था हो । हृदयदेखि नै समाजसेवा गर्नेहरुले जनताको विश्वास र माया बटुलेका छन् । समाजसेवाका नाममा व्यावसायिक उद्देश्य पूरा गर्ने हेतुले गठित संस्थाकै कारण समाजसेवा जस्तो पवित्र कार्य पनि बदनाम हुँदै गएको छ। जीवनको परिभाषा मानिस अनुसार फरक-फरक हुन्छ । कसैले जीवनलाई व्यक्तिगत स्वार्थमा मात्र सीमित गरेर बुझ्छन् भने कसैका लागि प्रसिद्धिको अर्को नाम ।

निःस्वार्थरुपमा जीवनलाई समाजसेवामा समर्पित गर्नु जीवनको अर्को परिभाषा हुनसक्छ । प्रसिद्धिको आशाले, नामको आशाले र आर्थिक लाभको आशाले समाजसेवामा लाग्ने भित्री इरादा समयक्रममा समाजसामु उदाङ्गो हुन्छ। मानिसले बुझ्छन् समाजसेवामा कोही किन लागिरहेको छ- आत्मैदेखि वा व्यक्तिगत प्रसिद्धि वा आर्थिक प्राप्तिका निम्ति। समाजसेवाको आडमा राजनीतिक अभिष्ट पूरा गर्नेको पनि कमी छैन। समाजसेवालाई हृदयको गहिराइदेखि नै आत्मसात गरी जीवनका दर्जनौं बसन्त पार गरिसकेपछि पनि युवा ताजगी र ऊर्जाका साथ क्रियाशील हुन्छन् । सामाजिक भावना नभएका र पारिवारिक दायित्वबोध नभएका उमेरले तन्नेरीहरु पनि निराशाको दल-दलमा फँसिरहेको हामी देख्छौं।

असल शिक्षा असल नागरिक उत्पादन गर्ने चेतना निर्माणको प्रक्रिया हो । देश र समाजको उन्नतिका लागि योग्यतापूर्वक अन्तरआत्मादेखि नै समर्पित हुन शिक्षाले आधारको काम गर्छ । शिक्षा नभएको मानिस धर्म नमान्ने मानिस सरह हुन्छ। शिक्षाले मानिसलाई नम्रता, ऊर्जा, सहनशीलता दिन्छ, यी गुणहरुको अभावमा मानिस समाजमा मिलेर बस्नै सक्दैन। समाजसेवा भने कै मानवसेवा हो। मानिसमा रहेको मानवतावादी सोचले नै परोपकारी भावनाको विकास हुने हो र परोपकारी भावनाले नै मानिसलाई जीवनको सही अर्थ दिने हो। यसले उजिल्याउँछ र सार्थक जीवनतिर निर्देशित गर्छ मानिसलाई । जब मानिसलाई अरुको दुःखमा दुख्न थाल्छ र समभाव जागृत हुन्छ, तब शुरु हुन्छ उसमा परोपकारी भावना । अरुको पीडामा जब आँखाहरु टिल्पिलाउँछन् र मुटु भक्कानिन्छ, मानिसमा समाजसेवाको भावना जागृत हुन्छ, अनि उसले खोज्न थाल्छ मानवको सेवा गर्ने बाटो। सामाजिक भावना भएका मानिस जहाँ लाग्छन् हृदयदेखि लाग्छन् र उनीहरु लागेको ठाउँमा सफल बन्छन् ।

पहिला-पहिला जतिबेला अशिक्षा, अज्ञानता र रुढीवादी सोचाइले ग्रस्त भएर नेपाली समाज मस्त निद्रामा निदाइरहेको थियो र शासकहरु पनि शिक्षाको क्षेत्रमा केही गर्न खोज्ने र सामाजिक सुधार गर्न खोज्नेहरुलाई कर्के नजरले हेर्दथे र विभिन्न प्रकारका दुःख दिन्थे, त्यतिबेला पनि समाजसेवीहरु ज्यान जोखिममा राखेर समाज हितका लागि समर्पित भएकै हुन् । यस्तै विशिष्ट र स्मरणीय कामहरुकै आधारमा समाजसेवीहरुप्रतिको जनतामा सकारात्मक धारणा सृजना हुन्छ।

निस्वार्थ भावले समाजसेवामा लाग्ने कमै हुन्छन्। असल समाजसेवीहरु असाधारण भावना भएका खुल्ला दिलका मानव हुन् । संघ-संस्थामा आबद्ध बनी दिनरात निःस्वार्थ रुपमा समाजसेवामा लागेर प्राप्त गर्ने के हो भन्दा समाजसेवीहरु भन्छन्- आत्मसन्तुष्टी र खुशी। उनीहरु भन्छन्- सम्पत्तिवानहरु अकुत धनदौलतको सिरानी हालेर निदाउन सक्दैनन् । तर, सच्चा समाजसेवा गर्ने मानिस निःस्वार्थ रुपमा समाजसेवा गरेर आनन्द प्राप्त गर्छ। जीवनको मुख्य लक्ष्य र प्राप्ति के हो ? खुशी, शान्ति र आनन्द । समाजसेवाबाट समाजसेवीले त्यही प्राप्त गरिरहेका छन् । भोलिको आशा भएन भने मानिसको जीवनको कुनै सार्थकता छैन। भविष्यप्रति हामीले सदैव आशा राख्नुपर्ने हुन्छ । निराशाका घनघोर रात्रीमा पनि मानवलाई बाटो देखाउने भनेको जीजीविषा हो । साँचो अर्थमा मानवसेवाको अभिष्ट बोक्नेका लागि अगाडिका सबै समस्या सामान्य लाग्छन् । मानवहीत नै सबै धर्मको सार हो र परोपकारमा नै वास्तविक धर्मको मर्म लुकेको हुन्छ भन्ने उनीहरुको जीवनदर्शन हुन्छ। सयौं हजारौं विद्यार्थीका प्रेरणाका स्रोत र शिक्षा र समाजसेवामा लाग्न सदैव उत्प्रेरित गर्ने समाजका पथप्रदर्शक हुन् समाजसेवीहरु । समाजसेवामा निस्वार्थ भावले लाग्ने हो भने सफल बन्न सकिने र समाजले पनि केही प्राप्त गर्न सक्ने निश्चित छ।

मानव जीवनको सार्थकता अरुको भलो गर्नमा नै रहेको छ। सकारात्मक दिशातिर परिलक्षित भएका कदमहरु निरन्तर निर्दिष्ट लक्ष्यतर्फ लागिरहनेमा विश्वास गर्न सकिन्छ। मानव मुक्तिको सपना सबभन्दा बढी लोकतान्त्रिक, उन्नत र मानवताले ओतप्रोत सपना हो । जनतालाई न्याय र समानताको सपना देखाउने र सोही अनुरुप जनतालाई साथ लिएर मुलुकमा साँचो अर्थमा नवनिर्माणको लहर ल्याउन सक्ने नेतृत्व आजको खाँचो हो। एक्कासौं शताब्दीमा नेतृत्व सामुहिक प्रयासबाट जन्मिन्छ र नेतृत्व मूलतः सामुहिक नै हुनुपर्दछ। हरेक मानिसका विविध प्रतिभा र क्षमतालाई प्रयोग गरी सामुहिक र राष्ट्रिय ध्येयलाई केन्द्रमा राखी सामुहिक नेतृत्व निर्माण प्रक्रियालाई अघि बढाउन आवश्यक छ। वास्तवमा आजको पुस्ताले गतिशील, विचारवान र सामुहिक नेतृत्व पद्धतिमै बढी विश्वास गर्नुपर्दछ। बिना स्वार्थ आत्मसात गर्दै देशलाई समृद्धितर्फ अगाडि बढाउन योजनाका साथ समस्त जनतालाई साथमा लिएर नेतृत्व अघि जान सक्छ। असल नेतृत्व भनेको आम जनताको औसत चिन्तन, मनोविज्ञान, सोच र स्वार्थबाट माथि उठेको उन्नत सामुहिक तथा मानवीय प्रगतिशील चेतबाट मात्र सम्भव हुन्छ। यसका लागि उन्नत चेतनासहितको सचेत र संगठित पहल जरुरी हुन्छ। तर, यी सबैका पछि समाजसेवी भावना प्रमुख विषय हो। आफ्नो व्यक्तिगत मनोकांक्षा पूरा गर्न, धनदौलत थुपार्न संघ-संस्था, दल र राजकीय पदहरु लिने तुच्छ, स्वार्थी, समाजघाती, देशघाती भावनाको बढोत्तरी हुनु भनेको समाज र मुलुक अधोगतितर्फ लाग्नु हो।



सन्दर्भ : ४०औं राष्ट्रिय सामाजिक सेवा दिवस

समग्रमा भन्नुपर्दा, साँचा समाजसेवीहरु प्रचारका भोका हुँदैनन् । समाजसेवालाई अहिले धेरैले नाम र दाम कमाउने मलिलो पेशाका रुपमा ग्रहण गरेका छन् । समाजसेवाकै आवरणमा कालो धनलाई उजिल्याउनेको संख्या पनि ठूलो छ नेपालमा । अपराधी छविलाई धोइपखाल्न पनि समाजसेवाको दोसल्ला ओढ्नेको संख्या पनि कम छैन। तर, सबै मानिसमा सामाजिक भावको मानवीय गुण नहुनसक्छ। स्वार्थी प्रवृत्ति पनि छ नेपाली समाजमा। स्वार्थीहरुको हृदयममा सम्पूर्ण समाजको उत्थान होस् भन्ने भावना उत्पन्न हुँदैन । यस्ता व्यक्ति समाजको सेवा गर्न अयोग्य मात्र होइन, समाज विकासका लागि घातक पनि हुन्छन् । पैसा भएकाहरुले मात्र समाजसेवा गर्छन् भन्नु भ्रम मात्र हो। मानव हितका लागि आफूले गर्न सकिने काम गर्ने हो । समाजसेवा भनेको आफूले जे गर्न सकिन्छ, त्यही आफ्नो ठाउँबाट इमान्दार भएर गर्ने हो। त्यही नै महानता हो।

समस्त प्राणीमा मनुष्य नै श्रेष्ठ प्राणी भएकाले आफ्नो मात्र हित नहेरेर ऊ समस्त समाजको सहयोगका लागि अभिप्रेरित हुन्छ। ऊ भित्र परोपकारी भावना हुन्छ। वास्तवमा परोपकार नै समाजसेवा हो। संसारका सबै धर्मशास्त्रको सार खिच्दै भागवतगीतामा श्रीकृष्णको भनाइ छ- पुण्य कमाउन चाहन्छौ भने परोपकार गर, पाप कमाउन चाहन्छौ भने अरुलाई पीडा देऊ । बाइबल भन्छ- अरुप्रति तिमी त्यो काम नगर, जुन काम आफूप्रति अरुले नगरून् भन्ने चाहन्छौ। कुनै पनि विकसित समाज सदासर्वदा समाजसेवकहरुको ऋणी रहन्छ। प्राकृतिक प्रकोपको शोक र विपत्तिको घडीमा पीडितको सहयोग गर्न सामाजिक भावनाका मानिस सदैव मैदानमा उत्रिन्छन्, जनताको विषम् र दुःखद घडीमा सबैका लागि उदाहरणीय र प्रेरणाको स्रोत बनेर समाजसेवीहरु क्रियाशील हुन्छन् । करोडौं रुपियाँ निजी सम्पत्ति निःस्वार्थ परोपकारमा लगाउने व्यक्ति पनि धेरै छन् । यस प्रकारका उदाहरणीय उदारता भएका समाजसेवीहरुकै कारण समाज टिकेको पनि छ । नेपालीमा उखान छ- मन हुनेको धन हुँदैन, धन हुनेको मन हुँदैन । तर कहिलेकाहिँ यो लोकोक्ति अपवाद पनि हुनसक्छ। साँचो समाजसेवा सदैव स्तुत्य हुन्छ र समाजसेवीहरु सँधै वन्दनीय हुन्छन् । समाजमा धनसम्पत्ति भएका दर्जनौं मानिसहरु पाइन्छन्, तर समाजका लागि उनीहरु एक रुपैयाँ मात्रै पनि खर्च गर्न दाँतबाट पसिना चुहाउँछन् । उनीहरु यति लोभी हुन्छन् कि समाजबाट उनीहरु लिन मात्रै जान्दछन्, आफ्नो तर्फबाट समाजका लागि केही दिन चाहँदैनन् । तर, समाजलाई केही दिन उत्कट चाहना भएका विशाल हृदय भएका मानिसहरुबाटै समाजले गति लिने हो। सामाजिक भावना भएका व्यक्तिहरुले महानतम् जिम्मेवारी र विशाल जोखिमहरुले भरिएका कर्तव्यहरु आफ्नो काँधमा लिई फत्ते गर्छन् । आफ्ना कर्तव्यहरु पालना गर्नुलाई नै उनीहरु परम् सन्तोष प्राप्तिको बाटोको रुपमा लिन्छन्, अन्य केही पुरस्कारका आशा गर्दैनन् । हाम्रो शैक्षिक प्रणालीमा यस प्रकारका समाजसेवी भावनालाई प्रोत्साहित गर्ने शिक्षाप्रद विषयबारे बारम्बार चर्चा परिचर्चा हुनुपर्छ । हाम्रा असल समाजसेवीहरुको मनोवृत्ति र आचरणमा हामी भविष्यको नवमानवको झलक देख्न सक्छौं । हाम्रो इतिहासका विभिन्न कालखण्डमा समाज परिवर्तनका महान उद्देश्यप्रतिको चाहना र सम्पूर्ण लगनशीलताले भरिपूर्ण कार्यहरुलाई दोहोऱ्याइएको छ पटक पटक र यी सबै परिवर्तनको केन्द्रमा समाजसेवीहरुको भूमिका रहेका छन् । तसर्थ, समाजसेवाको भावना शिक्षा, स्वास्थ्य, व्यापार, वाणिज्य, खेलकुद लगायत हरेक मानवीय गतिविधिमा अन्तरनिहित रहनुपर्छ।

*tirthakharel2028@gmail.com*

# शासकीय ढाँचामा होइन, आचरणमा सुधारको खाँचो



**राजबाबु शंकर**


गणतान्त्रिक नेपालले जनताद्वारा जनताका निम्ति निर्मित संविधानको चौथो वर्षगाँठ मनाएको छ। नेपालको यो वर्तमान संविधानले जनताबाट निर्वाचित प्रतिनिधिबाट निर्मित पहिलो र सिलसिलेवार रूपमा नेपालको सातौं संविधान भएको इतिहास पनि राखेको छ। २०७२ सालको असोज ३ गते नेपालका प्रथम राष्ट्रपति डा.रामवरण यादवद्वारा घोषणा भई लागू गरिएको थियो।

सम्पूर्ण रूपमा जनताद्वारा निर्वाचित प्रतिनिधिहरूले मुलुक र मुलुकबासीको अधिकतम कल्याण र हित चिताउँदै शासन गर्ने वर्तमान संवैधानिक व्यवस्था सिद्धान्ततः उत्तम छ। तर, संविधान जारी भएको यो चार वर्षमा शासनमा गद्दीनसीन हुन पुगेका विभिन्न दलका घाघ नेताहरूले संवैधानिक सदाशयता र स्वतन्त्रतालाई स्वेच्छाचारितामा अनुवाद गर्दै लाँदा एकातिर, संविधानप्रतिको सर्वस्वीकार्यता थाती नै छ भने अर्कातिर, संवैधानिक मार्गनिर्देशलाई आफू अनुकूल परिभाषित गर्ने गलत दलीय मनसायले अनाहक रूपमा संविधानप्रति नै जनवितृष्णा बढाउने परोक्ष काम पनि गरिरहेको छ।

त्यसो त कम्युनिष्टहरू आफैं राज्यसत्ताको स्वरूपमा नभई समाज परिवर्तनका लागि चरित्रमा रूपान्तरणको बहस गर्ने गर्छन् । तर, आजसम्मको नेपाली राजनीतिमा राज्यको शासकीय स्वरूपमा चर्को बहससँगै परिवर्तन पनि हुँदै आइरहँदा आचरणमाथिको गम्भीर बहस भने भएकै छैनभन्दा हुन्छ । संविधान जतिसुकै जनमुखी र जनहितकारी भए पनि जनविमुख नेतागत चरित्रका कारण नै बारम्बार संविधान र राज्य व्यवस्थाको ढाँचामाथि प्रश्न उठ्ने गरेको हो। आमनागरिक चाहन्छन्- जनमुखी चरित्रको राज्य निर्माण नै सर्वप्रथम सरकार र तमाम दलहरूको सर्वाधिक प्राथमिकतामा पर्नुपर्छ।

यो चार वर्षको अवधिमा नेपाली जनताको परिवर्तनको चाहना सम्बोधन हुने छाँटसम्म देखा नपर्नु दुष्कर प्रतीत भएको छ। स्वभाविक रूपमा परिवर्तनको अनुभूति गर्न नपाएका आमजनतामा घनीभूत बन्ने चरणमा रहेको असन्तुष्टिले बढाउने सघन निराशाले फेरि पनि संवैधानिक उपलब्धि खतरामा पर्ने र मुलुकको अग्रगमनमा रोकावट आउने निश्चित छ। यसो हुनु भनेको राजनीतिक दलहरूको पनि पहिचान धरापमा पर्न सक्ने प्रचुर सम्भावना समेत हो। यस्तो दुरुह आगत तर्फको यात्रा तिनका लागि मात्र होइन, समग्र रूपमा देश र देशबासीका लागि घातक हुन्छ। त्यसैले राजनीतिक शक्तिहरुको चरित्र र आचरणमा समूल सुधार आजको पहिलो आवश्यकता हो भन्ने यसै दिनबाट गम्न नितान्त जरुरी छ।

नयाँ संविधानले लोकतान्त्रिक पद्धतिलाई संरक्षित गरेको छ। र, लोकतन्त्रले विधिको शासन, आधारभूत मानव अधिकार र व्यक्तिगत स्वतन्त्रतालाई संरक्षण गरेको हुन्छ। यही विश्वमान्य सिद्धान्त पनि हो। तर, बहुसंख्यक नेपालीलाई हामीकहाँ उपलब्ध लोकतन्त्र यो चार वर्षको अन्तरालमा पनि अपुरो- अधुरो झैं किन प्रतीत भइरहेको छ ? स्पष्ट छ- यो विरोधाभाषको कारण भनेको लोकतान्त्रिक संस्थाहरुको तद्नुकूल आचरण नहुनु नै हो। आवरणमा लोकतन्त्र छ, तर भित्रभित्रै लोकतान्त्रिक संस्थाहरु खोक्रो र पंगु बनाइँदै लगिएको छ। शासकहरूको निकटता जनतासँग नभएर नवसम्भ्रान्तहरुसँगको उठबसले लोकतान्त्रिक सौन्दर्य र वैधतालाई धरापमा पार्दै लगिएको छ। जब कि, आमजनतालाई उदार लोकतान्त्रिक संस्थाहरुको जनमुखी रुपान्तरण चाहिएको छ, त्यसको



स्वरूपको विघटन होइन।

जनताको ज्यानी बलिदानीमा दलहरूको सहजीकरणबाट संविधान मार्फत राज्य संरचनामा आमूल परिवर्तन भएर पनि जनताले भने त्यो परिवर्तनको लाभ पाउन नसक्नुको दोष कसको हो ? पक्कै पनि शासनारुढ हुन पुगेकाहरूकै ढंग नपुगेर वा तिनले नियतवस् नचाहेरै हो। अझै पनि राजनीतिक स्थायित्व धरमर झैं देखापर्नुको दुरावस्थामा जनताले फेरि बिद्रोह गरे भने त्यसको परिणाम कति कष्टकर र भयावह हुनसक्छ ? प्रकारान्तरले त्यस्तो जनविद्रोहको आधारशिला राख्ने काम अब पक्कै आजका दलहरूले नै गरेको ठहर्दछ।

यसो हुँदा गणतान्त्रिक संविधान जारी भएपछिको यो चार वर्षे अवधिमा सरकारले गरिरहेको र संसदले पनि गरेको भूलचूक सच्याउँदै आगामी दिनहरूमा अघि बढे यो संविधान र लोकतान्त्रिक मूल्य-मान्यताहरूको जगेर्ना हुन सक्छ। नत्र फेरि पनि संविधान नै असफल हुने र लोकतन्त्र धरापमा पर्ने गुञ्जायस जीवितै रहन्छ भन्ने तर्फ शासनाधिकारीहरू र प्रतिपक्षीहरूको समेत गम्भीर रूपमा ध्यानाकर्षण हुनु आज समयको माग बनेको छ।

मूलतः संवैधानिक प्रत्याभूति जनताको जीवन व्यवहारमा हुन जरुरी छ। संविधान दिवसको सरकारी धुमधामले जनताको सुनसान मनलाई सान्त्वना वा त्राण दिन सक्दैन । अब त संविधानलाई अर्घेलो देखाएर दलका लाउकेहरूले आफ्नो अकर्मण्यता र गैरजिम्मेवारी छोप्ने गुञ्जायस पनि शायद छैन । किनभने, संविधान बनाउनकै खातिर जनताबाटै चयन भएका प्रतिनिधिहरू सम्मिलित संविधानसभाले २०७२ साल भदौ ३० गते दुई तिहाईभन्दा बढी मतले पारित गरेर २०७२ साल असोज १ गते संविधानसभाका बहुमत सदस्यहरूबाट हालको संविधानमा हस्ताक्षर भएको हो।

त्यसो हुँदा अब संवैधानिक वा शासकीय ढाँचामा रूपान्तरको अध्याय सिद्धिएको मान्नु पर्दछ। बरु संविधानको मर्म अनुकूल नेतागणले आफूहरूलाई परिमार्जन गर्न अब अझै अबेर गर्नु तीनको थप नालायकी हुनेछ। आजसम्मन् शासकीय सिंहासनमा रहे-बसेका तमाम दलीय नेताहरूमा आचरण एवम् चरित्रगत रूपान्तरण चाहिँ अबको नयाँ अध्याय बन्न अत्यावश्यक छ।

अतएवः अब उसो बहुसंख्यक जनताको पक्षमा अधिकतम् कल्याणमुखी काम गरेर देखाउनु नै सत्ता र विपक्षी सबैको हितमा हुनेछ। त्यसका लागि संविधानको कार्यान्वयनलाई जनताको पक्षमा प्रभावकारी बनाउनुको विकल्प छँदैछैन। यसो नगर्ने हो भने अबका दिनहरूमा, उनीहरूले नै भन्ने गरे जस्तो, राजतन्त्रको भूतले होइन, तिनलाई आफ्नै छायाँले पनि तर्साउन थाल्नेछ। आ-आफ्नो मति र गति सुधार्नु अब निर्विकल्प रूपमा नेतागणको प्राथमिकीमा पर्नै पर्छ। चेत खुल्न जरुरी छ।

# बागेडाँगी त्रिदेवीको १७औं सभा



**चारपाने, असोज ५।** बागेडाँगी त्रिदेवी बहुउद्देश्यीय सहकारी अर्जुनधारा-५ लक्ष्मीपुरको १७औं बार्षिक साधारणसभा सम्पन्न भएको छ ।

संस्थाका अध्यक्ष उमानाथ लम्सालको अध्यक्षता तथा अर्जुनधारा नगरपालिकाका प्रमुख हरिकुमार रानाको प्रमुख आतिथ्यमा कार्यक्रम भएको थियो । कार्यक्रममा संस्थाका अध्यक्ष लम्सालले वार्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए ।

अध्यक्षको प्रतिवेदन अनुसार संस्थाले आर्थिक बर्ष २०७५/०७६ मा निक्षेप संकलन चार करोड, ३९ लाख ९७ हजार आठ सय ९४ रुपैयाँ ४५ पैसा, निक्षेप फिर्ता चार करोड ४७ लाख १२ हजार नौ सय ५१ रुपैयाँ ८६ पैसा, कर्जा लगानी एक करोड ८६ लाख ९४ हजार छ सय ७०, कर्जा असुली एक करोड ९८ लाख ३५ हजार चार सय ७० रुपैयाँ, शेयर पूँजी १३ लाख ४५ हजार चार सय, शेयर फिर्ता आठ लाख २७ हजार नौ सय रुपैयाँ रहेको छ ।

कार्यक्रममा ज्येष्ठ शेयर सदस्य सावित्रा कँडेल, मोहनबहादुर कार्की, असल बचत कर्ता इन्द्रकुमारी रिमाल, देवीबहादुर बस्नेत, असल ऋणि गंगाराम कुइँकेल, राम्रीमाया विश्वकर्मा र शारीरिक अपाङ्गता भएकी रोजी पराजुलीलाई सम्मान गरिएको थियो ।

स्वावलम्बी बनौं विषादीमुक्त खेती गरि स्वस्थ्य जीवनयापन गरौं भन्ने नाराका साथ आयोजना भएको कार्यक्रममा कनकाई- ८ का वडाध्यक्ष प्रेमबहादुर कटुवाल, नवदुर्गा मन्दिर कनकाई-८ का अध्यक्ष केदार चुडाल, शिव पाञ्चायन मन्दिर कनकाई-८ का सचिव टिका घिमिरे, हिमाली माविका प्रधानाध्यापक केशवप्रसाद ओझा, दहिझोडा सामुदायिक वनका उपाध्यक्ष रामप्रसाद गिरी, दुर्गापुर सहकारीका व्यवस्थापक विष्णु चुडाल, लक्ष्मी कृषि सहकारीका सचिव लक्ष्मी ढुंगाना, बागेडाँगी सामुदायिक विकास संस्थाका अध्यक्ष टेकनाथ अधिकारी लगायतको आतिथ्य रहेको थियो ।

कार्यक्रमको सञ्चालन सचिव छविलाल कट्टेलले गरेका थिए भने स्वागत उपाध्यक्ष लिलाबहादुर कटुवालले गरेका थिए ।

# मिलनसार सहकारीको नेतृत्व चयन

**बिर्तामोड, असोज ५।** बिर्तामोडस्थित मिलनसार बचत तथा ऋण सहकारी संस्थाको अध्यक्षमा पुनः लक्ष्मीप्रसाद बाँस्कोटा चयन भएका छन् ।

संस्थाको दशौं वार्षिक साधारणसभाले बाँस्कोटाको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको हो । नवगठित समितिको उपाध्यक्षमा अजयकुमार देव, सचिवमा दिनोज शर्मा बजगाई, सहसचिवमा टिका खनाल र कोषाध्यक्षमा पुण्यप्रसाद रिजाल रहेका छन् ।

त्यस्तै समितिको सदस्यहरुमा शुशिलकुमार अग्रवाल, ज्ञाननाथ सिटौला, युवराज भट्टराई, मानकुमार श्रेष्ठ, शारदा पोखरेल पाण्डे र मिरा पाण्डे उप्रेती रहेका छन् ।

सहकारीको लेखा समितिको संयोजकमा चन्द्रप्रकाश बाँस्कोटा चयन



भएका छन् भने सदस्यहरुमा लक्ष्मण शिवाकोटी र मनिता भट्टराई रहेका छन् ।

संस्थाका अध्यक्ष बाँस्कोटाको अध्यक्षता तथा विर्तामोड नगरपालिकाका उपप्रमुख पवित्रा महतारा प्रसाईको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा उत्कृष्ट कर्मचारीका रुपमा अस्मिता ओली, शेयर सदस्यका सन्ततीमध्ये एसईई उत्कृष्ट नारायण खड्का र सुस्मिता माझी, ज्येष्ठ सदस्य टंकमाया रेग्मी, उत्कृष्ट बचतकर्ताहरु देवराज बराल, पूजा चौधरी र सोनु अटो, उत्कृष्ट ऋणीहरु समिता श्रेष्ठ, यशोमती राई र दिलबहादुर लिम्बूलाई सम्मान गरिएको थियो ।

कार्यक्रममा बिर्तामोड नगरपालिकाका सहकारी अधिकृत डिल्ली दाहाल, जिल्ला सहकारी संघ झापाकी सदस्य तुलसा कुँवर, जिल्ला बचत तथा ऋण सहकारी संघका सचिव लिलाप्रसाद भण्डारी, बिर्तामोड नगरपालिका वडा नं. ५ का सदस्य डिआर कडरिया, नयाँ उज्यालो बचत तथा ऋण सहकारी संस्थाकी अध्यक्ष शुष्मा भण्डारी, साना मझौला सहकारी संस्थाका रामलोचन न्यौपाने, बुद्धनगर साकोसका युवराज प्रसाई लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

संस्थाका अध्यक्ष बास्कोटाले संस्थाको बार्षिक प्रतिवेदन प्रस्तुत गरेको कार्यक्रममा अजय देवले स्वागत गरेका थिए । कार्यक्रमको सञ्चालन सचिव कैलाश पोखरेलले गरेका थिए ।

# बञ्चरो प्रहारबाट दुई जना घाइते

**झापा, असोज ५।** ओखलढुङ्गाको मानेभञ्ज्याङ गाउँपालिका-१ मोली फस्कुमा धारिलो हतियार बञ्चरो प्रहार गर्दा दुईजना घाइते भएका छन् ।

सोही स्थानका ५५ वर्षीय हर्कजीत राईले घरायसी विवादको कारण सोही स्थान बस्ने ७२ वर्षीय बिश्वबहादुर राई र उनकी श्रीमती ६५ वर्षीया रत्नमाया राईलाई बञ्चरोले शरीरको बिभिन्न भागमा प्रहार गरी गम्भीर घाइते बनाएका हुन् ।

घटनाबारे जानकारी पाउनासाथ तत्काल प्रहरी चौकी निसंखेबाट गएको प्रहरीको टोलीले घाइते राईलाई उपचारका लागि मिसन अस्पताल ओखलढुङ्गा पठाएको थियो ।

घटनामा संलग्न हर्कजीत राईलाई बञ्चरोसहित नियन्त्रणमा लिएर जिल्ला प्रहरी कार्यालय ओखलढुङ्गामा ल्याएको उक्त कार्यालयले जनाएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।


## होटल तालिममा भर्ना खुल्यो

सिप सिकौं.....आत्मनिर्भर बनौं । तीन महिने होटल तालिममा भर्ना खुलेको सहर्ष जानकारी गराउँदछौं ।

तालिम- वारटेन्डर, वेटर, फ्रन्ट अफिस, कुक

नोटः यहाँ कुनै पनि कार्यक्रम गर्नको लागि हल तथा क्याटरिङको पनि सुविधा छ ।

ककटेल/मकटेलमा २०% छुट

हाम्रा विशेषताहरु :
१) शतप्रतिशत प्राक्टिकल गराइने ।
२) दक्ष नहुञ्जेल तालिम दिइरहने ।
३) दक्ष सेफद्वारा तालिम दिइने ।
४) विदेश जानेहरुका लागि स्पेशन कोर्ष गराइने ।
५) तालिम पछि अन्तर्राष्ट्रिय प्रमाणपत्र दिइने ।
६) तालिम पछि रोजगारको अवसर दिइने ।

सिट सिमित छ। आजै सम्पर्क गर्नुहोला।

### होटल मुन टावर इन
शनिश्चरे रोड, बिर्तामोड (झापा) फोनः ०२३- ५४१७१५, ९८०४९०३०९५

## पाथीभरा सिने प्लाजा बिर्तामोडमा चलिरहेछ

(हल ए) नेपाली सिनेमा
कबड्डी कबड्डी कबड्डी
पहिलो शो ११:४५
दोस्रो शो २:४५
नाइट शो ६:४५

(हल बी) सिनेमाहरु
पहिलो शो ११:४५ Rombos last blood
दोस्रो शो २:४५ Rombos last blood
तेस्रो शो ६:४५ The Zoya Factor

www.pathivaracineplaza.com
बुकिङ्ग गरेको टिकट आधाघण्टा पछि स्वतः क्यान्सिल हुनेछ ।
फोन नं. ०२३-५४६४३६

## राजगढमा चलिरहेछन् यी चलचित्रहरु

नयाँ रिलिज चलचित्रहरू
१२:०० बजे कबड्डी कबड्डी कबड्डी (नेपाली)
२:०० बजे Rambo (अंग्रेजी सिनेमा)2D
५:३० बजे The Zoya Factor (हिन्दी)
८:०० बजे कबड्डी कबड्डी कबड्डी (नेपाली)

एभरेस्ट डिजिटल सिनेमा हल, राजगढ, झापा
टिकट अग्रिम बुकिङको लागि सम्पर्क नं. मो. ९८१७९५९७१०

## हाड जोर्नी नसाका बिरामीलाई सुवर्ण अवसर काठमाडौंका बिशेषज्ञ बिर्तामोडमा

स्पार्क अस्पताल काठमाडौं तथा काठमाडौं न्यूरो अस्पतालका बरिष्ठ डाक्टर अनिलकुमार महतो यही भाद्र २८ गते शनिबार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोडमा आउदै हुनुहन्छ । आफ्नो समस्या जाँच गराई मौकाको फाइदा लिनुहोस् ।

जाँच हुने समस्याहरु :
- ढाड, कम्मर, गर्दन । घुडा, जोर्नीहरु दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको
- शरीर झमझमाउने, लाटो हुने, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको

समय : बिहान ८:०० देखि ३:००

स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८५२६७५०३३)

## गमला बिक्रीमा

सिमेन्टबाट बनेका गमलाहरू बिक्रीमा छन् ।
टप- २१ इन्च उचाई २३ इन्च साइजमा
चाहेको रंगमा उपलब्ध छ। मूल्य प्रतिगोटा रु. १०००/-
बिर्तामोड नगरपालिका भरी फ्रि होम डेलिभरीको सुविधा छ।
रोशन उप्रेती (९८१५९९८३१९)
राजकुमार आचार्य (९८०४९०४२११)

## झापाको बिर्तामोडदेखि इलामको रविसम्मको दैनिक आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस् ।

दानावारी, महमाई, लारुम्बा, रविसम्म गाडी छुट्ने समयः
बिहान : ७:३० , ८ :३० , ९ :१५ , १० :१५ , ११ :१५ , १२ :१५ ,
बेलुका : ०२:१५ दानाबारीसम्म । ०२:४५ सानो वर्दुसम्म ।
बिर्तामोडबाट रविसम्म जाने गाडी नम्बरहरु :
मे १ ज ५६४, मे १ ज १७९९, मे १ ज ५४६, मे १ ज ६२५, मे १ ज ३०७
काउण्टर इन्चार्ज सम्पर्क नम्वरहरु :
बिर्तामोडबाट दानावारी : ९८४२६२३१५२ सीताराम आचार्य (काका)
बिर्तामोडबाट रवि : ९८१५९९०३४४ वीरेन्द्र राई

## वर्गीकृत विज्ञापन

### साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।
सम्पर्कः ९८१४९९३७१२, ९८६२६४८२८२
९८४२६७७८५५, ९८२४९८११७४

### सेफ्टी ट्याङ्की तथा ढल सफाई
अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
'चट्ट फोट झट्ट सेवा'
सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४

### कर्मचारी आवश्यकता
English Teacher: 1, (Class 8) (म्यासर कम्प्युटर)
रुम ब्वाई : ३ जना (इलामको लागि)
कुक : ४ जना (बिर्तामोडदेखि इलामका लागि)
वेटर : ४ जना (इलामको लागि)
किचन हेल्पर : ३ जना (फिक्कलका लागि)
घरमा काम गर्ने : ४ जना महिला (फिदिम र बिर्तामोडको लागि)
नेपाल जब्स केयर सर्भिस प्रा.लि.
अतिथि सदनको पश्चिमपट्टी जेसीज भवन पछाडि, फोन : ०२३-५४६६८३
मो.: ९८२५९८७९००

### गिटी बालुवा चाहिएमा
झापामै पहिलोपटक अत्याधुनिक मेशिन र प्रविधिबाट प्रशोधन गरिएको निर्माण सामग्रीहरु बालुवा, गिटी, सिल्कन, वेश आदि चाहिएमा तु-सम्पर्क गर्नुहोला ।
फोनः ९८४२६५४४००
९८०४९५४४००

### पसल बिक्रीमा
बिर्तामोड नगरपालिका वडा नं.- ४ भद्रपुररोडस्थित बिजुली अफिसको दक्षिणपट्टि मेनरोडमा अवस्थित पसल भएको अगाडिको सटर तथा त्यससँगै जोडिएको पछाडिको तीनवटा सटरसहित पसल विक्रीमा छ । इच्छुकले सिधा सम्पर्क गर्नुहोला ।
सम्पर्क नं. : ९८०६000४७२

### आकर्षक घडेरी बिक्रीमा
बिर्तामोड नगरपालिका-४ भद्रपुररोड पुरानो गोमेन्द्र कलेजदेखि तल्लो कालिका चोकबाट ३५० मिटर पश्चिममा ४२ फिट मुख भएको उत्तर फर्किएको, उत्तर-दक्षिण दुबैतिर बाटो भएको १ कठ्ठा जग्गा विक्रीमा छ। इच्छुकले सम्पर्क गर्नुहोला।
सम्पर्कः
९८४२७८९८१३/९८१४९११७७७

### घर भाडामा
होटल एण्ड लजको लागि घर भाडामा छ ।
गणपति कम्प्लेक्स
सुरुङ्गा, झापा
फोन : ९८१६००६३७३

### फर्निचरसहितको अफिस विक्रीमा
बिर्तामोड भद्रपुर बस स्टेण्ड अगाडि चलिरहेको अफिस (सामान नयाँ रहेको ), पार्किङ स्थल भएको अफिस विक्रीमा रहेकोले इच्छुकले सम्पर्क गर्नुहोला ।
मो. ९८२५९३३६६७

### आवश्यकता
सेक्युरिटी गार्डः- ४० जना (महिला/पुरुष)
यहाँ निःशुल्क सेक्युरिटी ट्रेनिङ गराइन्छ ।
सेभेन स्टार सेक्यरिटी सर्भिस प्रा.लि.
बिर्तामोड भद्रपुररोड
फोनः ०२३-५४३००३/५४६६१४,
९८०१४१६८४०,
९८०१४१६८४१, ९८५२६७३९५५

## कोरियन भाषा

한국어 다함께

हाम्रा बिशेषताहरु
PBT, CBT, Student Visa का कक्षाहरु सञ्चालन ।
न्युन शुल्कमा डबल कक्षा तथा ग्रुपलाई विशेष छुट ।
AC युक्त Waiting Hall, Exam Hall भएको ।
Skill Test को तयारी कक्षा उच्च स्तरीय सामाग्रीबाट गराइने ।
Course Book तथा शिक्षण सामाग्री नि : शुल्क वितरण गरिने ।
स्तरीय कोरियन Listening Grammar को अध्यापन गराइने ।
प्रत्येक हप्ता टेष्ट, Audio, Video प्रोजेक्टरबाट कक्षा सञ्चालन हुने ।
5000 Model Question को अभ्यास तथा Guarantee कक्षा गराइने ।
टाँढाबाट आउने तथा पुराना विद्यार्थीलाई विशेष छुटको व्यवस्था गरिने ।
बिहान ५ देखी साँझ ६ बजे सम्म कक्षा सञ्चालन
जापनीज भाषाका N5 & N4 का कक्षाहरु पनि बिशेष छुटमा गराइने ।
Rupjyoti Institute Pvt. Ltd.
Birtamod - 5 , Jhapa Opposite to Kankai Hospital, Near Hotal Heaven
E-mail:- rklebtm@gmail.com
Facebook :-www.facebook.com/rupjyotikorean
प्रो. अर्जुन बोहोरा
Tel : 023-546692 | 9814999326 | 9806090399

## अब फिजियोथेरापी उपचार मात्र रू. २५० मा

वडा दशैंको शुभ उपलक्ष्य पारी सम्पूर्ण विरामी वर्गलाई विशेष छुटमा उपचार गराइँदैछ ।
उपचार हुने समस्याहरुः
- कम्मर दुख्ने, गर्दन दुख्ने, नशा च्यापिएको
- घुडा दुख्ने, घड्डी खिइएको, कुम जाम भएको
- शरीर झमझमाउने, लाटो हुने, मुख बाङ्गिएको आदि
यो अफर असोज महिना भर

बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर
(अष्टाङ्ग आयुर्वेद फार्मेसी) बिर्तामोड-४, झापा अदुवा खोला पश्चिम दक्षिण हाइवेसँगै
(फोन न ०२३-५४१४६६/९८०६०००३१३/९८४२७१६५८८)
नोटः प्यारालायसिसका विरामी तथा एडभान्स फिजियोथेरापी गराउनु परेमा थप शुल्क लाग्नेछ । शर्तहरु लागू हुने छन् ।

## कन्काई हस्पिटल प्रा. लि. बिर्तामोड, झापा विशेषज्ञ सेवा हाम्रो प्रतिबद्धता सबैको पहुँचमा हाम्रो स्वास्थ्य सेवा

डा.सन्तोष कु. मिश्र
डा.रोशन अटल
डा.पुष्पेन्द्र लिम्बु
डा.डि.के. आचार्य
डा.सबिन मानन्धर
डा.मो.अक्तर अली
डा. गौरव राज ढकाल
MBBS, MS, ORTHO (KU)
ASSI SPINE FELLOWSHIP (PARK CLINIC, KOLKATA, INDIA)
NASS CLINICAL TRAVELLING SPINE FELLOWSHIP (USA)
वरिष्ठ स्पाईन (मेरुदण्ड) विशेषज्ञ/सर्जन
राष्ट्रिय ट्रमा सेन्टर काठमाण्डौबाट
डा. विकास जैशी MBBS, MD, DM Hepatology (NAMS)
डा. मुक्ति आचार्य
MBBS, MD (TU)
वरिष्ठ मानसिक, नशा तथा मनोरोग विशेषज्ञ
डा.रोसन आचार्य
वरिष्ठ नाक,कान,घाटी रोग विशेषज्ञ
प्रत्येक बिहिबार
डा.सि.वि झा
नेपाल सरकार स्वास्थ्य विमा कार्यक्रम सञ्चालन भइरहेको जानकारी गर्दछौं।

२४सै घण्टा उपलब्ध सेवाहरु
- आकस्मिक तथा आपतकालिन सेवा
- आधुनिक भेन्टिलेटर सहित ICU सेवा
- जनरल तथा ल्याप्रोस्कोपी शल्यचिकित्सा
- आधुनिक एनलाइजर सहित प्याथोलोजी सेवा
- आकस्मिक दुर्घटनाको विशेष सुविधा तथा उपचार
- आधुनिक अमेरिकन कम्पनिको आर्थोस्कोपी मेशिनद्वारा जोर्नी फेर्ने र जोर्नी सफा गर्ने सर्जरी
- फार्मेसी सेवा
- ५०० ma डिजिटल x-ray सेवा
- जनरल फिजिसियन चिकित्सा सेवा
- स्त्री तथा प्रसुति शल्यचिकित्सा
- हाडजोर्नी तथा नशा शल्यचिकित्सा
जानकारी तथा नाम दर्ताको लागि




ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** भौतिक साधन जुट्नाले दिगो काम प्रारम्भ हुनेछ । साहसी काम गरेर प्रशस्त लाभ उठाउन सकिनेछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** नयाँ योजनातर्फ अग्रसर भइनेछ । अरूको विश्वास जित्न केही समय लागे पनि दिगो फाइदा हुने काम हातलागी हुनेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** पहिले इर्ष्या गर्नेहरूले नै सहयोग गर्न थाल्ने छन् । चुनौति चिर्दै काम बनाउन सकिनेछ । शत्रुहरू किनारा लाग्ने छन् भने प्रतिस्पर्धामा विजयी भइनेछ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** अप्ठ्यारो परिस्थिति अँगाल्दै अघि बढ्नुपर्ने समय छ । समयको माग अनुसार चल्न नसक्दा चिताएको काममा विलम्ब हुन सक्छ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** अरूका लागि बुद्धि र श्रम खर्चनुपर्ने देखिन्छ । हल्लाको पछि लाग्दा व्यर्थैमा दुःख पाइनेछ तापनि, लगनशीलताले परिस्थितिलाई बदल्नेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** पछि लाभ हुने काम प्रारम्भ हुनेछ । गुरुजनको सुझाव र सन्तानको सहयोग लाभदायी बन्नेछ । प्रतिस्पर्धामा विजयी भइनेछ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** आफन्त र परिवारजनलाई धेरै समय दिनुपर्ने हुन सक्छ । आश्वासन दिनेहरूले प्रतिबद्धता पूरा नगर्न

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** हल्लाको भरमा अरूको विश्वास गर्दा धोका पाइनेछ । कृषि, पशुपालन तथा घरेलु कामकाजमा बढी प्रवृत्त बन्नुपर्ला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** बिनाकारण आफन्त, साथीभाइ टाढिन सक्छन् । साझेदारसँग असमझदारी देखिने हुँदा सजग रहनुहोला । बलाजफ्तीले काम बिग्रन सक्छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** सहयोगीहरूले साथ दिनाले चिताएका काम सम्पादन हुने छन् । प्रतिस्पर्धीहरू पछि पर्ने छन् । मेहनत गर्दा राम्रो परिणाम प्राप्त हुनेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** तारिफयोग्य काम गर्दै मनग्गे धन आर्जन गर्न सकिनेछ । प्रतिक्षित नतिजाले उत्साह जगाउनेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** विभिन्न भौतिक साधन जुट्ने छन् । उद्योग र व्यापारमा विशेष फाइदा उठाउन सकिनेछ । रमाइलो यात्राको योग देखिन्छ ।

# मेचे भाषामा बालबालिका आकर्षित



**दमक, असोज ५।** २६ बर्षीया सिर्जना मेचे आफ्नो भाषा राम्रोसँग बुझ्दिनन् । प्रायः घरमा नेपाली भाषा नै बोलिने भएकाले उनलाई आफ्नो भाषाको ज्ञान राम्रोसँग छैन । उनका छोरा अहिले १ कक्षामा अध्ययनरत् छन् । 'म त बोलेको फर्काउन नसके पनि केही बुझ्छु तर छोराले त झन् केही नै बुझ्दैन' -उनले भनिन् । धेरै मेचे परिवारमा अहिले मेचे भाषाको समस्या यस्तै रहेको छ ।

हल्दीबारी गाउँपालिका वडा नं. ४ को मेचेबस्तीका मेचेहरु अब आफ्नो भाषा संरक्षणका लागि प्रयास शुरु भएको र बालबालिकाहरुलाई भाषा सिकाउन थालेकोमा दंग भएका छन् र उनीहरु आफू समेत भाषा सिक्न लालयित छन् । झापा जिल्लामा मात्र बसोबास रहेको लोपोन्मुख मेचे जातिको भाषा संरक्षणका लागि नेपालमा नै पहिलो पटक झापामा मेचे भाषा पढाउन शुरु गरिएको छ ।

मेचे बालबालिकासँगै गैर मेचेहरुले उत्साहपूर्वक मेचे भाषा सिक्न थालेका छन् । परापूर्वकालमा मेची खोला र कन्काई नदीका बीचमा बस्ने भएकाले यिनीहरूलाई मेचे भनिएको बताइन्छ । यस जातिको भाषा लोप हुने अवस्थामा पुगेपछि हल्दीबारी गाउँपालिकाले मेचेहरुको बाहुल्यता रहेको । गाउँपालिकाको वडा नं. ४ मा रहेको दिपेन्द्र आधारभूत विद्यालयमा मेचे भाषा पढाइ शुरु भएको एक महिना भएको छ ।

गाउँपालिकाका उपाध्यक्ष डम्बर गिरीका अनुसार मेचे भाषाविज्ञ सन्तलाल मेचेले लामो प्रयास र खोजपछि 'जङनि राउ भाग १' पुस्तक तयार पारेका छन् । यसलाई मेचेका साथै यस विद्यालयमा पढ्ने सबै विद्यार्थीका लागि अनिवार्य गरिएको छ । पठनपाठनका लागि मेचे शिक्षिकाको नियुक्ति गरिएको समेत उनले बताए ।

'पुस्तकमा आधारभूत रुपमा दैनिक जीवनसँग गासिएका बिषयहरु समेटिएकाले सबै कक्षामा पढ्न तथा भाषा सिक्न सहज हुने विश्वास लिएका छौं' -उनले भने । कक्षा १ मा भने अनिवार्यरुपमा मेचे भाषा पढ्नुपर्ने छ । यहाँ एक सय ३१ विद्यार्थीहरु अध्ययनरत् रहेकोमा ५५ जना मेचे जातिका विद्यार्थीहरु रहेको बताइएको छ ।

विद्यालयका प्रधानध्यापक दीर्घराज आचार्यले आफूहरु समेत समय मिलाएर भाषा सिक्ने तयारी गरेको बताए । 'मेचेबस्तीको बीचमा हाम्रो विद्यालय रहेकाले म लगायत हामी शिक्षकहरुले समेत भाषा सिक्ने सोचाइ बनाएका छौं' -उनले भने । पढाउने शिक्षक समेत मेचे भाषा बिषयमा ज्ञान भएको पाइएकाले पढाउनका लागि समस्या नभएको समेत उनको भनाइ रहेको छ ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा वडा नं. ४ का सदस्य महेश मेचेले नीजि विद्यालयमा पठनपाठन गराउने मेचे परिवारले समेत अब बालबालिका यही ल्याएर पढाउन थालेको बताए । 'यो हाम्रो लागि गौरवको बिषय हो र भाषा संरक्षणका लागि गाउँपालिकाले गरेको लगानी हामीले बुझेका छौं -उनले भने । विस्तारै मेचे भाषालाई माथिल्लो कक्षासम्म लैजान सकेमा राम्रो हुने समेत उनको सुझाव छ ।

विद्यालयमा एउटा कक्षा पढाई हुने मेचे भाषा विषय पढ्दा अरु विषयभन्दा धेरै चासो दिएर विद्यार्थीहरुले पढ्ने गरेको शिक्षिका सुमिता मेचेले बताइन् । 'नयाँ भाषा भएकाले विद्यार्थीहरुले मन दिएर सुन्ने र घरमा गएर पढेर आउने गरेको पाएका छौं' -मेचेले भनिन् । आफ्नो भाषा कक्षामा आएर पढाउन पाउँदा आफूलाई पनि गर्व लागेको उनले जनाइन् ।

वि.स. २०६८ सालको गणना अनुसार मेची जातिको जनसंख्या चार हजार आठ सय ६७ मात्र रहेको छ । उनीहरु मदिरा उत्पादन तथा परम्परागत रुपमा अर्काको खेती किसानी गरेर जिविकोपार्जन गर्दै आएका छन् । गाउँपालिकाका अध्यक्ष रविन्द्र लिङ्देनका अनुसार वैकल्पिक पेशा व्यवसाय दिएर उनीहरुलाई स्वरोजगार बनाउने कार्यक्रम समेत गाउँपालिकाले बनाइरहेको छ ।

'लोपोन्मुख जाति मेचेको परम्परागत भाषा, संस्कृति जोगाउने दायित्व स्थानीय सरकारको पनि भएकाले पहिलो यसमा ध्यान दिएका हौं' -उनले भने- 'अब मेचे जातीलाइ दिगो आयश्रोतका लागि सीप सिकाउने र रोजगारका अवसर प्रदान गर्ने किसिमको कार्यक्रम पनि बनाउँदैछौं ।'

# कालोपत्रे भएपछि आवागमनमा सहज



**बिर्तामोड, असोज ५।** बुट्टाबारीबाट मियाबारी हुँदै बिर्तामोड नगरपालिका कार्यालय बिर्ताबजारसम्म पुग्ने सडक खण्डको कालोपत्र गर्ने कार्य सम्पन्न भएको छ ।

कालोपत्रेसँगै ड्रेन पनि निर्माण गरिएको सडक पाँच सय पाँच मिटर रहेको छ । कूल ४४ लाख ७५ हजार रुपैयाँमा निर्माण गरिएको सडकको चौडाई भने ५.५ मिटर रहेको छ ।

४० एमएम मोटाई रहेको यस सडकको निर्माण नवीन निर्माण सेवाले गरेको निर्माण व्यवसायी अर्जुन कन्दङ्वाले बताए । यस सडक निर्माणले बुट्टाबारीबाट मियाबारी हुँदै नगरपालिका कार्यालय जानको लागि सहज भएको स्थानीयबासी बताउँछन् ।


## Job Guarantee !!!

CTEVT बाट मान्यताप्राप्त **Oxford Montessori Training Center** मा १०० जनालाई **Job Guarantee** सहित **Junior Diploma Montessori Training** सञ्चालन भइरहेको छ । इच्छुकले तुरुन्त सम्पर्क गर्नुहोस् । **साथै अंग्रेजी नजान्नेका लागि विशेष कक्षा ।**

**पहिलो २० जनालाई विशेष छुट ।**

**Oxford Montessori Training Center**
Birtamod-5, Jhapa (023-540891, 9852689800)
Email: oxfordbtm@gmail.com I web: www.oxford.edu.np



सेफ्टी ट्याङ्की सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

## झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

बिर्तामोड, झापा
सम्पर्क **राजकुमार श्रेष्ठ**

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्याङ्कीबाट सफाई गरिन्छ ।


# स्कुटी चालकको मृत्यु

**सुनसरी, असोज ५।** सुनसरीको धरान उपमहानगरपालिका-१३ बस्ने स्कुटी चालक २७ बर्षीय सबिन राईको दुर्घटनामा परेर मृत्यु भएको छ ।

धरान जिरोप्वाइन्ट कोशी राजमार्गबाट भेडेटार तर्फ जाँदै गरेको ना ७ ख १८२५ नम्बरको ट्रकले सोही दिशातर्फ जाँदै गरेको को ३१ प ३०३४ नम्बरको स्कुटीलाई ठक्कर दिइ दुर्घटना हुँदा स्कुटी चालक राई घाइते भई उपचारको लागि लाँदै गर्दा उनको बाटोमै मृत्यु भएको प्रहरीले जनाएको छ ।

स्कुटी, ट्रक र ट्रक चालक इटहरी-६ बस्ने ५४ बर्षीय भीम थापालाई इलाका प्रहरी कार्यालय धरानले नियन्त्रणमा लिएर अनुसन्धान गरिरहेको जनाएको छ ।



## कर्मचारी आवश्यकता

यस मेघा सिमेन्ट इण्डष्ट्रिज प्रा. (लि) मेचीनगरलाई एक (१) जना एकाउटेण्ट कर्मचारी आवश्यकता परेको हुँदा इच्छुक व्यक्तिले तु–सम्पर्क राख्नुहोला । कम्प्युटरमा अनिवार्य टैली कोर्ष गरेका दक्ष व्यक्तिलाई मात्र विशेष प्रथामिकता दिइनेछ ।

**शैक्षिक योग्यता :** स्नातकोत्तर (ब्याचुलर पास) वा सो सरह
**तलब :** आपसी समझदारीमा
*नोट : बिहान १० बजेदेखि बेलुका ५ बजेसम्म मात्र सम्पर्क गर्नुहोला*

**मेघा सिमेन्ट इण्डष्ट्रिज प्रा.(लि)**
मेचीनगर–१५ (ज्यामिरगढी) झापा, **सम्पर्क :** ९८५२६२०५८५, ९८६२७७७०८३


# पानीमुनि विवाहको प्रस्ताव राखेपछि...



**झापा, असोज ५।** प्रेमिकालाई पानीमुनि विवाहको प्रस्ताव राखेका एक अमेरिकी नागरिकको तान्जानियामा डुबेर मृत्यु भएको छ ।

प्रेमी स्टेभन वेबर र प्रमिका केनेशा आन्टवान बिदा मनाउन पेम्बा टापु नजिकैको मान्टा रिसोर्टको पानीमुनि रहेको कोठामा बसेका थिए । वेबर प्रेमिकालाई विवाहको प्रस्ताव राख्न कोठाबाहिर पानीमा पौडेका थिए । प्रेमिकाले कोठाभित्रबाट खिचेको भिडियोमा वेबरले झ्यालको सीसामा हस्तलिखित विवाह प्रस्ताव देखाएका छन् ।

आन्टवानले फेसबुकमा वेबरको मृत्यु भएको पुष्टि गर्दै लेखेकी छिन्- 'उनी त्यो गहिराइबाट कहिल्यै बाहिर आएनन् ।' मान्टा रिसोर्टले बीबीसीलाई वेबर एकान्तमा रहेको कोठा बाहिर एक्लै पौडिँदा डुबेको बताएको छ । वेबर र आन्टवान जमिनबाट आठ सय २० फिटको दुरीको पानीमा रहेको रिसोर्टको महँगो कोठामा चार दिनका लागि बसेका थिए ।

प्रतिदिनको १७ सय डलर पर्ने सो कोठा पानीको सतहभन्दा ३२ फिटमुनि रहेको छ । त्यहाँ बसेको तेस्रो दिन वेबरले विवाहको प्रस्ताव राख्न कोठाबाहिर पानीमुनि गएका थिए । उनले झ्यालको सीसामा विवाह प्रस्ताव टाँसेका थिए । प्रस्तावमा लेखिएको थियो- 'मलाई तिम्रो के कुरा मन पर्छ भनेर सबै भन्न सास रोक्न सक्दिनँ ।'

त्यसपछि भिडियोमा उनले सो कागजको पछाडि लेखिएको विवाह प्रस्ताव देखाएको, अनि खल्तीबाट औंठी निकालेको देखिन्छ । त्यसपछि उनी पानीमा हराउँछन् । रिसोर्टले पानीमा केही समस्या परेको थाह हुने बित्तिकै सहयोग गर्न गएको तर गर्न सकिने केही बाँकी नरहेको जनाएको छ ।

फेसबुकमा आन्टवानले वेबरले आफ्नो जवाफ सुन्नै नपाएको र त्यो जवाफ 'लाखौं पटक दोहोऱ्याएको हुन्छ' भन्ने हुने लेखेकी छिन् । 'हाम्रो जीवनको सबैभन्दा रमाइलो दिन नै भाग्यको क्रुरताका कारण सबैभन्दा नरमाइलो दिन बन्यो' -उनले लेखेकी छिन् ।


## प्याकेजिङ्ग हेल्पर र नेपाली टेक्सी ड्राइभरहरुलाई २१ दिनमा दुबई पुग्ने सुवर्ण अवसर

कम्पनी : **BAKEMART L. L. C.** शहर : **DUBAI**

पूर्व स्वीकृति मितिः २०७६/०३/१८ चलानी नं. ६०१४१४३९ लट नं. २२१७७९

| पद | संख्या | तलब AED | तलब NR | खान/बस्न | ओटी | काम | करार |
|---|---|---|---|---|---|---|---|
| Packing Helper | ८० (पुरुष) | ८००/- | २३,८२५/- | छ/छ | कनिअ | ८ घण्टा २६ दिन | २ बर्ष |

**नोटः** UAE को राजधानी अवुधावीका लागि अरबिया टेक्सी WLL बाट १०० जना नेपाली लाइट ड्राइभरहरुको माग भई आएको छ । बेसीक सेलरी 800 DHS भएता पनि कमीसनसहित 4700 DHS सम्म कमाइ गर्न सकिने छ ।

**सगुन ओभरसिज सर्भिसेज प्रा.लि.**
श्रम इजाजत नं. ३९६/०६०/०६१
पो.ब.नं. ३२३, डिल्लीबजार, कालिस्थान–३२ (फोनः ९८०८०७४५९८, ९८०३०७४४३९)



## UAE को अवुधावीमा PSBD Security गार्डमा महिला तथा पुरुषको आवश्यकता

कम्पनी : SECURI GUARD MIDDLE EAST, UAE शहर : ABU DHABI

पूर्व स्वीकृति मिति : २०७६/०३/१३ चलानी नं. ६०१४१२८० L.T. NO. 221678

| कामदारको पद | माग संख्या पुरुष | मासिक तलब AED | मासिक तलब नेरू. | ओ.टी./ बार्षिक बिदा | कार्य समय | खान/बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|
| Security Guard | 200 | 2000 | ६०, ००० | क.नि. अनुसार | ८ घण्टा ६ दिन | छ | २ बर्ष |

पूर्व स्वीकृति मिति : २०७४/०६/२२ चलानी नं. ६०११८३६८ L.T. NO. 196877
पुन : पूर्व स्वीकृति मिति : २०७६/०३/०९ चलानी नं. ३०६०

| कामदारको पद | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब नेरू. | ओ.टी./ बार्षिक बिदा | कार्य समय | खान/बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|
| Security Guard | 175 | 2000 | ६०, ००० | क.नि. अनुसार | ८ घण्टा ६ दिन | छ | २ बर्ष |

नोट : उचाई : महिलाको हकमा ५ फिट भन्दा माथि र पुरुषको हकमा ५ फिट ७ इन्च भन्दा माथि हुनुपर्नेछ । कम्तीमा एसएलसी पास गरेको र राम्रोसंग अंग्रेजी लेख्न, बोल्न र पढ्न सक्ने हुनुपर्नेछ । अर्न्तवार्तामा आउँदा सक्कल राहदानी, योग्यता तथा अनुभवका प्रमाणपत्र लिएर आउनु पर्नेछ ।

बेशिक सेलरी २००० दिराम भएता पनि ओटी र एलाउस गरी २७७० हुनेछ
APPROBLE READY भएकाले २० दिन भित्रमा भिषा प्राप्त हुनेछ ।

फाइनल अर्न्तवार्ता सम्बन्धित कम्पनीको प्रतिनिधिबाट असोज ७ गते (24, Sept. 2019) मा होलिडे होम बिर्तामोड झापामा हुनेछ ।

**सन लाइट ह्युमन रिर्सोस प्रा.लि.**
Lic No. 689/063/064
सामाखुसी-२९, सामाखुसी टाउन, प्लानिङचोक, काठमाडौं फोन ०१-४३८४८८
मोवाइल नं. 9801408283, 9801033974, 9802070510, 9801033977, 9801033975, 9801023813



फाइनल अन्तरवार्ता असोज ७ गते अञ्जली टेक्निकल ट्रेनिङ सेन्टर बिर्तामोडमा

## UAE मा रोजगारको अवसर

Company : TRANSGUARD GROUP L.L.C., DUBAI

पूर्व स्वीकृत मिति: २०७५/०८/१६ | चलानी नं.: ६०१३५३८९ | LT. No.: 215319
पून स्वीकृत मिति: २०७६/०५/१० | पून चलानी नं.: ३८०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Porters | 26 | 0 | सम्बन्धित काममा दक्ष | 900 | २७,६८५ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | छ | २ वर्ष |
| 2. | General Cleaner | 100 | 0 | | 800 | २४,६१० | | | | | | | |
| 3. | House Keeper-cleaner | 50 | 0 | | 900 | २७,६८५ | | | | | | | |
| 4. | Warehouse Assistant | 39 | 0 | | 900 | २७,६८५ | | | | | | | |
| 5. | Kitchen Steward/cleaner | 50 | 0 | | 1000 | ३०,७६० | | | | | | | |
| 6. | Public Area Cleaner | 100 | 0 | | 800 | २४,६१० | | | | | | | |
| 7. | Security Guard | 30 | 0 | | 1200 | ३६,९१० | | | | | | | |

Security Guard को हकमा ★ उमेर २२ वर्षदेखि ४० वर्ष ननाघेको हुनुपर्नेछ । ★ उचाई ५ फिट ७ ईन्च भन्दा माथि हुनुपर्नेछ । ★ कम्तीमा SLC पास साथै अंग्रेजी भाषा राम्रोसँग लेख्न, बोल्न र पढ्न सक्ने हुनुपर्नेछ । ★ कामको अनुभवको प्रमाण-पत्र, सक्कल राहदानी, बायोडाटा साथै हालसाले खिचिएको MRP Size को १२ प्रति फोटो अनिवार्य लिएर आउनु पर्नेछ ।

प्रि–अन्तर्वार्ता धमाधम भैरहेको छ । फाइनल अन्तर्वार्ता कम्पनीको प्रतिनिधिबाट अञ्जली टेक्निकल इन्स्टिच्युट बिर्तामोड असोज ७ गते हुनेछ ।

**ब्लू ओसियन ओभरसिज प्रा. लि.**
पि.ओ.बक्स: १५१४२, केपिसी १७५, गोंगबु-५, सामाखुसी, काठमाडौं, नेपाल
फोन: ४३५१७३२, फ्याक्स: ४३६४५७३,
मोबाइल : ९८४२७५५२७० / ९८०२०५७४९७ / ९८१६९८९८५६



## कतारको Landmark Group मा रोजगारीको अबसर

कतारमा रोजगार | १. कम्पनी: ULAN MIDDLE EAST CLEANING CONTRACTING & SERVICES WLL शहर: DOHA

VISA WITHIN 7 DAYS

पूर्व स्वीकृत मिति: २०७६/०४/०५ | चलानी नं.: ६०१४१९९६ | LT. No.: 222256

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Cleaner (Male) | 50 | 0 | स. काममा दक्ष | 900 | २७,१८० | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | छ | २ वर्ष |

पूर्व स्वीकृत मिति: २०७६/०४/०६ | चलानी नं.: ६०१४२०३० | LT. No.: 222257

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Cleaner (Female) | 0 | 50 | स. काममा दक्ष | 900 | २७,१८० | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | छ | २ वर्ष |

नोट.: कामदारहरुले LANDMARK र VILLAGIO SUPERMARKET मा काम गर्नू पर्ने छ। साथै ८/२६ दिनको ९०० भएता पनि ३ घण्टा अनिवार्य OT चल्ने छ।

फाइनल अन्तरवार्ता सम्बधित कम्पनीको प्रतिनिधिबाट २०७६ अशोज ६ गते (23 SEP 2019) बिर्तामोड HOTEL MOKSHYA मा हुनेछ ।

साथै OMAN को एक बहुप्रतिष्ठित FIVE STAR HOTEL बाट ५० जना WAITER (SALARY- 120+FOOD) हरुको माग भइ आएकोले जान चाहनेहरुले तुरुन्त सम्पर्क गर्नु होला

**Sagar Recruitment Pvt. Ltd.**
Gov. Lic No. 895/067/068
GPO Box: 21807, Dhumbarahi- 4, Kathmandu, Nepal
Phone: 9803672294, 9803572294, 9803472294, 9817920206, 9802072294

## उत्कृष्टलाई सम्मान

**दुहागढी, असोज ५।** नव प्रभात बचत तथा ऋण सहकारी संस्था भद्रपुर-९ को आठौं साधारण सभा सम्पन्न भएको छ ।

कार्यक्रममा संस्थाका ज्येष्ठ सदस्यहरु मधुमाया पोखरेल, सुजित बास्के, सावित्रा चम्लागाई, गंगादेवी गौतम, उत्कृष्ट बचतकर्ता देवीप्रसाद निरौला र असल ऋणिहरु जानुका बराल र प्रेमप्रसाद चौलागाईलाई सम्मान गरिएको थियो ।

उनीहरुलाई बाल सुवोधिनि आधारभूत विद्यालयका प्रधानाध्यापक विश्व थापा, शिक्षासेवीहरु प्रमानन्द मिश्र र गिरिधर शर्मा कट्टेलले संयुक्त रुपमा दोसल्ला र मायाको चिनो प्रदान गरी सम्मान गरेका थिए ।

संस्थाका अध्यक्ष शंकर सुवेदीको अध्यक्षता तथा जिल्ला बचत तथा ऋण सहकारी संघ झापाका सचिव लीलाप्रसाद भण्डारीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा संस्थाका व्यवस्थापक खगेन्द्र ढुंगानाले स्वागत गरेका थिए ।

कार्यक्रममा अध्यक्ष सुवेदीले बार्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए भने भगिरथ नेपाल, श्रीमननारायण पौडेल लगायतले मन्तव्य राखेका थिए । कार्यक्रमको सञ्चालन संस्थाका सचिव सुरज सापकोटाले गरेका थिए ।

# ६ करोड शेयर पूँजी पुऱ्याउने सतासीको लक्ष्य

**बिर्तामोड, असोज ५।** झापाको बिर्तामोड-५ स्थित सतासी बहुमुखी सहकारी संस्थाले आर्थिक बर्ष २०७६/०७७ मा कूल चुक्ता शेयरपूँजी छ करोड रुपैयाँ पुऱ्याउने लक्ष्य लिएको छ ।




संस्थाले १६औं बाार्षिक साधारणसभाको अवसर पारेर पत्रकार सम्मेलन मार्फत आर्थिक बर्ष २०७६/०७७ का नीति तथा कार्यक्रमसहितको वार्षिक प्रतिवेदन सार्वजनिक गर्दै यस्तो जनाएको हो ।

संस्थाका अध्यक्ष रुद्रमणि श्रेष्ठले संस्थाको वार्षिक प्रतिवेदन सार्वजनिक गर्दै संस्थाले आर्थिक बर्ष २०७६/०७७ मा छ हजार पाँच सय शेयर सदस्य र शेयर पूँजी छ करोड पुऱ्याउने लक्ष्य लिएको बताए । हाल संस्थामा चार हजार एक सय ४१ जना शेयर सदस्य रहेका छन् शेयर पूँजी तीन करोड ८२ लाख ३९ हजार तीन सय रुपैयाँ रहेको उनले बताए ।

त्यस्तै संस्थाले आर्थिक वर्ष ०७५/०७६ मा २४ करोड ६९ लाख १६ हजार पाँच सय ५५ रुपैयाँ बचत पुऱ्याएकोमा आगामी आर्थिक वर्षमा ४० करोड बचत पुऱ्याउने संस्थाले लक्ष्य राखेको उनले बताए ।

त्यस्तै ऋण लगानी ३५ करोड ६५ लाख पाँच सय ३६ रुपैयाँ पुगेकोमा आगामी आर्थिक वर्षमा ५२ करोड ६२ लाख पुऱ्याउने लक्ष्य लिएको उनले बताए । संस्थाले १६ प्रतिशत ब्याजदर कायम गरेको र नियमित अग्रीम कर्जाको किस्ता बुझाउने सदस्यलाई एक प्रतिशत ब्याज छुट सुविधा समेत उपलब्ध गराउने अध्यक्ष श्रेष्ठले जानकारी दिए । उनले संस्थाले सतासी राहत कोष मार्फत बिर्तामोड, हल्दिबारी, अर्जुनधारा, कनकाई, धुलाबारी क्षेत्रका ४५ जनालाई सुविधा प्रदान गरिएको जानकारी दिए । त्यस्तै उनले संस्थाले रेमिट्यान्स सेवा, डिपार्टमेन्ट स्टोर्स र विभिन्न सामाजिक कार्य सञ्चालन गर्दै आएको बताए । कार्यक्रममा संस्थाका तालिम संयोजक तथा सदस्य ध्रुव कनालले संस्थाले पाँच वटै क्षेत्रमा सहकारी शिक्षा तालिम सञ्चालन गरी दुई सयभन्दा बढीलाई सहकारी शिक्षा दिएको जानकारी दिए ।

कार्यक्रममा संस्थाकी उपाध्यक्ष सुजता गुरुङ थापामगर, सदस्य जीवनकुमार प्रधान, पदमप्रसाद ओली, पोषराज श्रेष्ठ, लक्ष्मीकान्त खनाल, खेमराज श्रेष्ठ लगायतले पत्रकारको जिज्ञासाको जवाफ दिएका थिए । संस्थाको आज बिर्तामोडको अतिथि सदनमा १६औं साधारणसभा हुने भएको छ । कार्यक्रमको सञ्चालन संस्थाका सचिव तथा प्रवन्धक सन्तोषकुमार श्रेष्ठले गरेका थिए ।

# स्क्रब टाइफसका कारण संक्रमण बढ्दै

तपाइँ खेतबारीमा काम गर्न जाँदै हुनुहुन्छ ? आफ्ना घर वरिपरिका झाडी सफा गर्दै हुनुहुन्छ ? अथवा मुसाका बासस्थानतिर केही काम गर्दै हुनुहुन्छ ? होस् गर्नुहोला । कतै मुसाको टोकाइबाट अकालमा तपाईको मृत्यु पनि हुन सक्छ ।



पछिल्लो समय मुख्यरूपमा मुसाको टोकाइ र संक्रमणबाट मानवमा लाग्ने स्क्रब टाइफस नामक रोगको संक्रमण अधिकांश जिल्लामा फैलिएको छ । कीटजन्य रोग व्यवस्थापन गर्ने इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले दिएको जानकारी अनुसार हाल देशका ६३ जिल्लामा रोग देखापरेको छ । सन् २०१९ को आठ महिनाको अवधिमा पाँच सय ५५ जनामा रोगको संक्रमण भएको र तीन जनाको अकालमा मृत्यु हुन पुगेको छ ।

अघिल्ला तीन वर्षमा सोही रोगका कारण १६ जनाले अकालमा ज्यान गुमाएका थिए । जेठ महिनाको अन्तिमदेखि कात्तिक महिनाभर रोगको उच्च जोखिम मानिन्छ । सन् २०१६ मा ४८ र सन् २०१८ मा ५६ जिल्लामा यो रोग देखापरेको थियो ।

महाशाखाका अनुसार सन् २०१७ मा छ सय ७० संक्रमित भई नौ, सन् २०१८ मा एक हजार ९८ मा संक्रमित भई चार जनाको मृत्यु भएको थियो । सन् २०१९ को हालसम्म रोगको सबैभन्दा बढी संक्रमण प्रदेश नं. ५ का जिल्लामा दुई सय २४ जनामा देखापरेको छ । सबैभन्दा कम कर्णाली प्रदेशमा आठ जनामा देखापरेको महाशाखाले उपलब्ध गराएको तथ्याङ्कमा उल्लेख छ ।

प्रदेश नं. १ का इलाम, झापा, मोरङ, सुनसरी, सङ्खुवासभा, सोलुखुम्बु, ओखलढुङ्गा, भोजपुर, धनकुटा, प्रदेश नं. २ का सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, बारा, पर्सा, प्रदेश नं. ३ का सिन्धुली, दोलखा, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, ललितपुर, भक्तपुर, काठमाडौँ, नुवाकोट, धादिङ, मकवानपुर, चितवन र गण्डकी प्रदेशका गोरखा, तनहुँ, लमजुङ, स्याङ्जा, कास्की, पर्वत, बाग्लुङ, नवलपरासी पूर्वमा सो रोग देखापरेको महाशाखाले जनाएको छ ।

त्यसैगरी प्रदेश नं. ५ का गुल्मी, पाल्पा, नवलपरासी, रुपन्देही, कपिलवस्तु, अर्घाखाँची, प्यूठान, रोल्पा, रुकुमपूर्व, दाङ, बाँके, बर्दिया, नवलपुर र कर्णाली प्रदेशका सल्यान, सुर्खेत, जाजरकोट, कालिकोट, रुकुम पश्चिम, सुदूरपश्चिमाञ्चल प्रदेशका बाजुरा, बझाङ, डोटी, कैलाली, कञ्चनपुर, डँडेलधुरा, बैतडीमा पनि रोग देखापरेको छ ।

**स्क्रब टाइफस के हो ?**

एक प्रकारको जीवाणु 'रिकेटसिया सुसुगामुसी'ले संक्रमित सूक्ष्म कीरा (माइट)को टोकाइबाट लाग्ने रोगलाई स्क्रब टाइफस भन्ने गरिन्छ । महाशाखाका प्रमुख एवम् कीटजन्य रोग विशेषज्ञ चिकित्सक विवेक लालका अनुसार बारी, खेत, झाडी, घाँस आदि भएको ठाउँमा बस्ने मुसा तथा छुचुन्द्रो प्रजातिमा सो प्रजातिका जीवाणु पाइन्छ ।

सो रोग उत्पन्न गर्ने ब्याक्टेरिया संक्रमित मुसाको पेटभित्रका प्वालहरूमा बस्छ । वि.सं. २०७२ वैशाखमा विनाशकारी भूकम्पपछि बढी मात्रमा मुसा देखिन थालेका र मुसाको टोकाइबाट रोगको संक्रमण बढेको महाशाखाले जनाएको छ । 'मृत्युदर घट्दै गएको छ, तर संक्रमित बढ्दै गएको छ' -उनले भने ।

रोगको परीक्षण गर्न महाशाखाले स्थानीय तथा प्रदेश तहमा १० हजारको हाराहारीमा कीट उपलब्ध गराएको छ । शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका सरुवारोग विशेषज्ञ चिकित्सक अनुप बाँस्तोला विशेषगरी मुसाको शरीरमा बस्ने माइट नामक परजीवीले ओरेन्टिया सुसुगामी नामक कीटाणु सार्दा स्क्रब टाइफस हुने जानकारी दिन्छन् ।

संक्रमित व्यक्तिलाई अत्यधिक ज्वरो आउनु, श्वास फेर्न गाह्रो हुनु, बढी मात्रमा टाउको दुख्नु, शरीरबाट चिटचिट पसिना आउनु, शरीरका भागहरूमा स-साना रातो बिमिरा देखिनु, हल्का आँखा रातो हुनु जस्ता लक्षण देखा पर्छ । सामान्यतया संक्रामक परजीवीले टोकेको पाँचदेखि १४ दिनको अवधिमा स्क्रब टाइफसको लक्षण देखिन थाल्छ । रोगको समयमा उपचार हुन नसकेमा शरीरका फोक्सो, कलेजो मस्तिष्क लगायतका अङ्गले काम गर्न छाड्ने चिकित्सकले जानकारी दिएका छन् । 'रोगको जीवाणु शरीरमा फैलिन पुग्यो भने शरीरका अङ्गले काम गर्न छाड्छ- डिसअर्डर हुन्छ' -उनले भने ।

**कसरी बच्ने ?**

मुसाको टोकाइबाट बच्नु नै यो रोगबाट बच्ने मुख्य उपाय हो । खेतबारीमा काम गर्न जाँदा पूरा बाहुला भएको कपडा लगाउनुपर्छ । खुला चौरमा सुत्नु हुँदैन । रोगको पहिचान बिरामीमा देखिएको लक्षण, सूक्ष्म कीराले टोकेको चिनोबाट हुने गर्दछ । त्यसैगरी रगत परीक्षण, फोक्सोको परीक्षणबाट हुने गर्दछ । रोगको 'एन्टिबडी' पत्ता लगाउन एलाइजा टेस्ट र द्रुत परीक्षण गरिन्छ । महाशाखाले सबै जिल्लामा रोग पहिचान गर्न कीटको व्यवस्था गरेको जनाएको छ ।

# सैनिक समाजको सम्मान र सहयोग



**बिर्तामोड, असोज ५।** सैनिक सेवा समाज बिर्तामोड नगरपालिका-१० को चौथो वार्षिक साधरणसभा सम्पन्न भएको छ ।

संस्थाकी अध्यक्ष मनु मुखियाको अध्यक्षता तथा बिर्तामोड-१० का वडाध्यक्ष दुर्योधन गुरुङको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा उपाध्यक्ष देवीप्रसाद दंगालले स्वागत गरेका थिए ।

कार्यक्रममा वडा सदस्य दीपिका शिवा, सिर्जनशील सेवा समाज चमरधापका अध्यक्ष ज्ञानबहादुर गुरुङ, विशाल कृषि सहकारी संस्थाका अध्यक्ष पृथ्वी बस्नेत लगायतले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रममा नेपाल आदिवासी जनजाति महासंघ वार्ड समन्वय परिषद्का अध्यक्ष सन्तोषकुमार राई, सैनिक टोल विकास संस्थाका अध्यक्ष अनुत सुब्बा, अधिवक्ता पुण्यप्रसाद शिवाकोटी, बसन्त सहकारीकी व्यवस्थापक शान्ति गुरुङ, जागरण क्लबका टेकबहादुर देवान, रिमानध्वज लोक्ताम, किरण सुब्बा लगायतको आतिथ्य रहेको थियो ।

सोही अवसरमा ज्येष्ठ सदस्य लीलादेवी मुखिया तथा प्रेमप्रसाद तिवारी, उत्कृष्ट सदस्य इन्द्रबहादुर श्रेष्ठलाई सम्मान गरिएको थियो । त्यसैगरी असहाय दम्पत्ति रामबहादुर तामाङ र सुधा तामाङलाई तीस किलो चामल, दाल, तेल लगायत खाद्यान्न सामग्री प्रदान गरिएको थियो । संस्थाले उनीहरुलाई केही वर्षयता निरन्तर सहयोग गर्दै आएको छ । त्यस्तै अस्थायी प्रहरीबीट सैनिकलाई चारवटा कुर्सी प्रदान गरिएको छ । समाजले सदस्यको परिवारमा हुने मृत्युमा समवेदनासहित नगद दश हजार सहयोग गर्ने गरेको बताइएको छ ।

कार्यक्रममा संस्थाकी अध्यक्ष मनु मुखियाले अध्यक्षको प्रतिवेदन र कोषाध्यक्ष लक्ष्मी देवानले वार्षिक आयव्यय प्रस्तुत गरेका थिए । अध्यक्ष मुखियाले समाजले बास्केट बल खेलमैदानमा मञ्च निर्माणका लागि २३ हजार रुपैयाँ सहयोग गरेको बताइन् ।

२९ जना सदस्यबाट स्थापना भएको समाजमा हाल एक सय छ घर परिवार आबद्ध रहेको बताइएको छ । कार्यक्रमको सञ्चालन सचिव रुपनारायण मुखियाले गरेका थिए ।

## रामघाट दिव्याधामको सभा



**धुलाबारी, असोज ५।** रामघाट दिव्यधाम मेचीनगर-१० धुलाबारीको चौथो वार्षिक साधारण सभा सम्पन्न भएको छ ।

संस्थाका अध्यक्ष गोपालप्रसाद गुप्ताको अध्यक्षता तथा मेचीनगर नगरपालिका प्रमुख विमल आचार्यको प्रमुख आतिथ्यमा कार्यक्रम भएको थियो ।

कार्यक्रममा मेची नगरपालिकाकी उपप्रमुख मिना उप्रेती, वडा सदस्य कृष्ण कनाल, मेचीनगर-९ का वडाध्यक्ष गोपाल खड्का, संस्थाका पूर्व अध्यक्ष ललितकुमार बोहोरा, मेची उद्योग वाणिज्य संघका ऋषिराज तिम्सिना, धुलाबारी चोक बजार सुधार तथा व्यवस्थापन समितिका अध्यक्ष रविनकुमार बस्नेत, सत्य साई धुलाबारीका पशुपति नेपाल, नेपाली कांग्रेसका मेचीनगर सभापति इन्द्रबहादुर बुढाथोकी लगायतले शुभकामना दिएका थिए ।

कार्यक्रमको सञ्चालन संस्थाका सचिव त्रिभुवन चौधरीले गरेको सहयोगी सुमन बस्नेतले जानकारी दिए ।

# यस्तो छ कबड्डी कबड्डी कबड्डी

मुस्ताङको नौरीकोटमा बस्ने वीरकाजी शेरचनको जीवन यतिबेला फिक्का छ । किनकि, उसले माया गरेकी मैयाँ गौचनले काजीलाई छोडेर गइसकेकी छ ।

वीरकाजीले लामो समय मैयाँको माया पाउन कसरत गरिसकेको छ । अर्कैसँग भागेर गइसकेकी मैयाँ फर्केर आउनेमा अझै पनि उत्तिकै विश्वास र आशक्ति छ वीरकाजीको । वीरकाजी र मैयाँको यो कथा हो, चलचित्र 'कबड्डी' को । 'कबड्डी' हेरेका दर्शकलाई मैयाँ र वीरकाजीको कहानी पक्कै याद छ । चलचित्र 'कबड्डी' को तेस्रो सिक्वेलसम्म आइपुग्दा वीरकाजी शेरचन (दयाहाङ राई)ले बल्ल बुझेको छ, माया जबरजस्ती नहुने रहेछ । बल प्रयोग गरेर माया पाइने रहनेछ ।




जबरजस्ती कसैलाई आफ्नो बनाउने चेत वीरकाजीमा पलाए पनि मैयाँकै बाटो कुरेर बसेको छ ऊ । मैयाँको माया पाउन मरिहत्ते गरेको काजीको सिद्धान्त त्यतिबेला डगमग गर्छ, जब उसको जीवनमा काँशी (उपासनासिंह ठकुरी) को इन्ट्री हुन्छ ।

अघिल्ला दुई सिरिज सुपरहिट भएपछि त्यसको निरन्तरता दिँदै उही चरित्र र कथावस्तुको उठान गरेर चलचित्र 'कबड्डी कबड्डी कबड्डी' को कथा उनिएको छ । केन्द्रीय भूमिकामा वीरकाजी नै छ । थप, कथामा केही नयाँ ट्वीस्ट र पात्र थपिएका छन् । सोल्टिनीको हक जमाउने नयाँ काजी धनकाजी थपिएका छन् ।

'कबड्डी' को पहिलो र दोस्रो सिक्वेल हेरेका दर्शकलाई काजी र मैयाँको चरित्र थाहै छ । तेस्रो सिक्वेलमा आइपुग्दा मैयाँको मायामा डुबेको काजी आफ्नो मायाको सिद्धान्तमा धरमर हुन्छ ।

बा-आमा उमेर ढल्किसकेको छोराको बिहेका लागि केटीको खोजी गरिरहेका हुन्छन् । यता वीरकाजी बिहे नगर्ने बरु शहरमा गएर व्यापार गर्ने सोचमा अडिग हुन्छ । परिवारले दयाहाङलाई दबाबमा पारेर बिहे गर्न कर लगाइरहन्छ ।

वीरकाजीको जीवनमा काशीको प्रभाव परेपछि अगाडि बढ्ने घटनाक्रम नै फिल्मको कथानक हो । के काजीले काशीको माया पाउँछ ? कि छोडेर गएकी मैयाँ फेरि फर्केर आउँछे ? यस्तै प्रश्नमाथि चलचित्रको कथा घुमेको छ । वीरकाजीको भूमिका निभाएका दयाहाङ राईको अभिनय पात्र सुहाउँदोछ । अघिल्ला सिक्वेलमा झैँ यसमा पनि दयाहाङले अब्बल अभिनय गरेका छन् । उनले पात्रको मनोविज्ञानलाई अभिनयमा दुरुस्तै उतारेका छन् ।

दोस्रो चलचित्रसम्म आइपुग्दा उपासनासिंह ठकुरीले उत्तिकै दमदार अभिनय गरेकी छिन् । गाउँले युवतीदेखि शहरीया युवतीसम्मको भूमिकामा प्रस्तुत भएकी काशीको पात्रमा पाइने सोझोपना, पात्रको मनोविज्ञान र बाध्यात्मक परिस्थितिले सिर्जना गरेको परिवेशलाई उपासनाले जस्ताको त्यस्तै पर्दामा उतारेकी छिन् । उनको काम तारिफयोग्य छ । यता धनकाजीको भूमिकामा देखिएका विल्सनविक्रम राई भने त्यति 'दमदार' लाग्दैनन् । भलै उनको चरित्रमा काजीको दम्भ देख्दै नदेखिने होइन ।

यस्तै चलचित्रमा शीर्ष भूमिका निभाएका माओत्से गुरुङ, पुष्कर गुरुङ, विजय बराल, लुनिभा तुलाधर, बुद्धि तामाङ लगायत अन्य कलाकारले पनि सशक्त अभिनय गरेका छन् । कुशल कथा र पात्रको अभिनयको संयोजनले चलचित्रले दर्शकको ध्यान तान्न सफल हुन्छ । चलचित्रको सबैभन्दा बलियो पक्ष यसको स्क्रिप्ट हो । उपेन्द्र सुब्बा र रामबाबु गुरुङले चलचित्रको कथा र संवादको संयोजन पात्र सुहाउँदो बनाएका छन् । प्लटकै कारण चलचित्रले शुरुदेखि अन्तिमसम्म दर्शकलाई बाँधेर राख्छ । सँगसँगै दर्शकलाई पात्रको परिस्थितिसँग पनि साक्षात्कार गराइदिन्छ । जसले गर्दा दर्शकलाई आफू सोही गाउँमा पुगेको अनुभूति हुन्छ ।

चलचित्रको छायांकन र ध्वनि संयोजनले दर्शकलाई खल्लो बनाउँदैन । छायांकन पक्षलाई प्रभावकारी रुपमा चलचित्रमा उतारिएको छ । मुस्ताङका सुन्दर दृश्यभन्दा पनि कथाले खोजेको दृश्य चलचित्रमा देख्न सकिन्छ । यस्तै ध्वनि संयोजन र गीतले पनि चलचित्रस्तरीय बनाउन थप बल पुऱ्याएको छ ।

यति हुँदाहुँदै पनि चलचित्रमा केही पक्ष भने अस्पष्ट छन् । जस्तो कि, काशीका प्रेमी ध्वाँसे (कर्मा) को भूमिकाबारे चलचित्रमा देखाइएको छैन । केही संवादमार्फत महिलाप्रति सहानुभूति दर्शाइए पनि चलचित्रमा काशीको भूमिका निरीह देखाइएको छ । काशीले बारम्बार 'मर्छु' भनेर जिद्दी गर्ने युवकलाई कसरी चोखो माया गर्छे ?

सधैँ 'रिजेक्ट' गरिरहने युवतीका लागि किन ध्वाँसे गाउँसम्म पुग्छ ? युवकको काशीतर्फ एकतर्फी आशक्ति देखिन्छ । तर, त्यही युवती उही प्रेमीसँग भाग्नका लागि एकैछिनमा तयार हुन्छे । चलचित्रको परिवेश नयाँ गाउँमा सेट गरिएको छ । कथाले दर्शकलाई नयाँ ठाउँमा लैजान्छ ।

नयाँ पात्रसँग साक्षात्कार गराउँछ । तर, क्लाइमेक्समा पुनः उही नदीको बगरमा कथा अल्झिन्छ । यसले दर्शकलाई मोनोटोनस गराइदिन्छ । यद्यपि घरेलु दर्शकका लागि यो चलचित्र यस वर्षको हेर्नुपर्ने चलचित्रमध्ये एक हो । मौलिक भाषा र सटिक प्रस्तुतिमा कथा प्रस्तुत गरी दर्शक हँसाउनमा निर्देशक गुरुङ माहिर देखिएका छन् ।

चलचित्रमा उनले कमेडी मात्र प्रयोग गरेका छैनन् । समाजमा चलिआएका कतिपय विकृत्तिको विरुद्धमा पनि आवाज उठाएका छन् । समाजको कथालाई हेर्न चाहने दर्शकका लागि यो चलचित्र राम्रो रोजाइ हो । यो चलचित्र शुक्रबारबाट देशभर प्रदर्शनमा रहेको छ ।

प्रदेश सरकार
प्रदेश नं. १
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
**घरेलु तथा साना उद्योग कार्यालय**
भद्रपुर, झापा

**प्रविधि हस्तान्तरण (मेशिन, उपकरण) हस्तान्तरणको लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना**

*प्रथमपटक प्रकाशित मिति २०७६/०६/०२*

यस कार्यालयको चालू आ.व. २०७६/०७७ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार यस कार्यालयमा दर्ता भएका लघु, घरेलु तथा साना उद्योग अन्तर्गत झापा जिल्लामा सञ्चालित उद्योगहरुले उद्योगका लागि आवश्यक प्रबिधि (मेशिन, उपकरण) हस्तान्तरण गरिने भएकोले तपशिलमा उल्लेखित कागजातहरु संलग्न गरी निवेदन दस्तुर बापत रु. १००/- (एक सय) मात्र बुझाएको नगदी रसिदसहित यो सूचना प्रकाशन भएको मितिले ३० दिनभित्र यस कार्यालयमा आवश्यक कागजातसहित निवदन (प्रस्ताव) दर्ता गर्न हुन सम्बन्धित सबैको जानकारीको निमित्त यो सूचना प्रकाशन गरिएको छ । म्याद नाघी वा रीत नपुऱ्याई पेश भएको निबेदन (प्रस्ताव)लाई छानविन प्रक्रियामा समावेश गरीने छैन ।
- निवेदन फारम यस कार्यालयको उद्योग प्रशासन शाखाबाट निःशुल्क प्राप्त गर्न सकिनेछ ।
- यस कार्यक्रममा एक उद्योग वरावर वढीमा रु. एक लाखसम्मको प्रविधि हस्तान्तरण हुनेछ ।
- उद्योगको लागि आवश्यक प्रविधि मेसिन औजारको मूल्यमा कार्यालयबाट ८० (असी) प्रतिसत र उद्यमीको तर्फबाट २० (वीस) प्रतिसत व्यहोर्नु पर्नेछ ।

**प्रस्ताव छनौटका आधारहरु**
- आयात प्रतिस्थापन, निर्यात प्रर्बद्धनमा प्रत्यक्ष सहयोग पुऱ्याउने अर्ध प्रशोधन वा पूर्ण प्रशोधन गर्ने उद्योगहरु ।
- घरेलु तथा साना उद्योग बिभाग वा कार्यालय अन्तर्गतका सम्बर्द्धन कार्यक्रममा आबद्ध भएका प्रशिक्षार्थी व्यवसायीहरुबाट सञ्चालित उद्योगहरु ।
- स्वदेशी श्रम, सीप तथा स्थानीय कच्चा पदार्थको उपयोग गरी स्थापना तथा सञ्चालन भएका उद्योगहरु ।
- महिला, दलित, मधेशी, अपाङ्ग, आर्थिक एवम् सामाजिक दृष्टिले पछाडि परेका र आदीबासी जनजातीद्वारा सञ्चातिल उद्योगहरु ।
- वातावरण मैत्री उद्योगहरु ।
- पेश भएका प्रस्ताबहरु छानविन गर्दा स्वीकृत गर्ने/नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित रहने छ ।

**निवेदन (प्रस्ताव) साथ संलग्न गर्नुपर्ने कागजातहरु :**
- प्रस्ताव, प्रविधि (मेसिन उपकरण) हस्तान्तरण कार्यविधि २०७३ को अनुसूची १ बमोजिमको ढाँचामा हुनुपर्नेछ ।
- उद्योगको व्यवसायिक योजना (स्किम)
- उद्योग व्यवसाय दर्ता, (नवीकरणसहितको) प्रमाण-पत्रको प्रतिलिपि ।
- PAN/VAT दर्ता प्रमाण-पत्रको प्रतिलिपि ।
- खाद्यसँग सम्बन्धित उद्योग भए खाद्य अनुज्ञा पत्रको प्रतिलिपि ।
- उद्योगीको नागरिकताको प्रमाण पत्रको प्रतिलिपि ।
- गत आर्थिक बर्षको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि ।
- उद्योग व्यवसायसग सम्बन्धित बिषयमा तालिम लिएको भए प्रमाणपत्र र अनुभबको प्रमाण-पत्रको प्रतिलिपि ।
- माग गरेको मेसिन औजारको नाम, मूल्य, काम र क्याटलक वा व्रोसर ।

थप जानकारीको लागि कार्यालय समयभित्र सम्पर्क राख्नु हुन वा ०२३-४५५०२८ मा सम्पर्क गर्नु हुन ।

**सम्पर्क व्यक्ति : दुर्गा बास्तोला, उद्योग अधिकृत तथा सूचना अधिकारी (९८४००३०३८२)**

**घरेलु तथा साना उद्योग कार्यालय, झापा**